


नेपाल
# समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ ९ बजेदेखि ६ बजेसम्म)

» आइतबार, माघ १४, २०७४ » Sunday, January 28, 2018 » www.newsofnepal.com » नेसं ११३८ शिल्ला थ्व १२ » वर्ष २४, अंक १८ » पृष्ठ १२ » मूल्य रू १०/–

# फोर्ड गाडीमा अस्वाभाविक मूल्य असुली

## बढी मूल्य राखेर उपभोक्तालाई छुटको भ्रम

हेमन्त जोशी, काठमाडौं

सवारी साधन उत्पादक कम्पनी फोर्डको नेपालका लागि आधिकारिक विक्रेता जीओ अटोमोबाइल्स प्रालिले बिक्री गर्ने चारपांग्रे सवारीसाधनमा ग्राहकबाट अस्वाभाविकरूपमा बढी रकम असुल्ने गरेको भेटिएको छ।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले गत मंगलबार अनुगमनका क्रममा थापाथलीमा रहेका जीओ अटोमोबाइल्स प्रालिले ईको स्पोर्ट फोर्ड १ दशमलव ५ पेट्रोल गाडीको लागतभन्दा बढी मूल्य लिएको भेटिएको छ। उक्त कम्पनीले वास्तविक मूल्यमा अतिरिक्त शुल्क लिई उपभोक्तालाई छुटको भ्रम छर्ने गरेको अनुगमनका क्रममा भेटिएको विभागका महानिर्देशक कुमारप्रसाद दाहालले बताउनुभयो।

विभागले अनुगमनपछि उक्त कम्पनीले बेच्ने गरेका सवारी साधनको मूल्य बढ्नुको कारणसहित ३ दिनभित्र जवाफ पेस गर्न निर्देशन दिएको थियो। कम्पनीका प्रबन्धक तेजकरण जैनले बिहीबार विभागमा आएर गाडीको मूल्य वृद्धिको कारणका सम्बन्धमा स्पष्टीकरण दिए पनि मूल्य बढ्नुको कारण खुलाउन नसकेको महानिर्देशक दाहालले *नेपाल समाचारपत्र*सँग बताउनुभयो। 'हामीले पहिलो चरणको स्पष्टीकरणमा चित्तोबुझ्दो जवाफ नपाएपछि फेरि तीन दिनभित्र लिखित स्पष्टीकरण र आवश्यक कागजात पेस गर्न निर्देशन दिएका छौं।

(क्रमशः पृष्ठ ९ मा)



**आकाश गोल्छा**
कार्यकारी निर्देशक
जीओ अटोमोबाइल्स

वस्तु तथा सेवाको खरिद र बिक्री मूल्यमा देखिने मार्जिनमा अलग-अलग खर्च समावेश हुने गरेको तथा सो शुल्कसमेत जोडेर गाडी बिक्री गर्दा आएको नाफा मात्र कम्पनीले लिने गर्छं।



# १५ करोड बाँड्ने शिक्षामन्त्रीको तयारी

ईश्वरराज ढकाल, काठमाडौं

उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठले राज्यकोषबाट झन्डै १५ करोड रुपियाँ बाँड्ने तयारी गर्नुभएको छ।

मन्त्री श्रेष्ठले आफ्नो जिल्ला र आफूनिकटका विद्यालयलाई उक्त रकम बाँड्न लाग्नुभएको समाचार स्रोतले बतायो। 'नयाँ सरकार बन्ने दिन नजिकिँदै जाँदा उहाँले मापदण्ड नपुगेका आफ्ना तजबिजीका विद्यालयलाई पुस्तकालय भवन, ल्याब निर्माणलगायतका विषयमा रकम बाँड्न लाग्नुभएको हो।' -स्रोतले भन्यो।

मन्त्रालयमै बजेट अभाव भइरहेको अवस्थामा मन्त्री श्रेष्ठले यसका लागि अर्थ मन्त्रालयबाट बजेट निकासाको तयारी गरेपछि जानै लागेको मन्त्रीले मनपरी निर्णय गर्दा दीर्घकालीन असर पर्ने भन्दै मन्त्रालयका उच्च अधिकारीले विरोध गरेका छन्।

तर विरोध आए पनि उहाँले सचिव र सहसचिवलाई दिनहुँजसो फाइल तयार गर्न दबाब दिने गर्नुभएको छ।

जतिसुकै विरोध भए पनि मन्त्रीले आफ्नो कार्यकालमा रकम बाँडेरै छाड्ने अडान राखेपछि सहसचिव एवम् बजेट महाशाखाका प्रमुख डा. डिल्ली रिमालले यसका लागि फाइल तयार गर्नुभएको बुझिएको छ। यसका लागि मन्त्रालयका सचिव मधुरमण रेग्मी र केही सहसचिवसमेत लागिरहनुभएको छ। सहसचिव रिमालले मन्त्री श्रेष्ठकै कार्यकालमा बजेट वितरण गर्ने गरी विद्यालयको नामावली संकलन गरिरहनुभएको छ।

> मन्त्रीज्यू घरिघरि सोध्नुहुन्छ, फाइल तयार भो त?

मन्त्री श्रेष्ठले गत बिहीबार पनि सचिव रेग्मी र सहसचिव रिमाललाई आफ्नो कार्यकक्षमै बोलाएर तत्काल फाइल तयार गर्न निर्देशन दिनुभएको थियो। 'मन्त्रीज्यूले सचिव रेग्मी र सहसचिव रिमाललाई पटक-पटक कार्यकक्षमा बोलाएर विद्यालयको नाम तयार भयो त? भनेर सोध्ने गर्नुभएको छ।' -समाचार स्रोतले भन्यो।

फाइल तयार भइरहेको बारेमा *नेपाल समाचारपत्र*ले सोध्दा सहसचिव रिमालले भन्नुभयो- 'यसबारे मलाई जानकारी नै छैन, छलफल भइरहेको छ।' तर उहाँले मन्त्रीसँग भने 'मन्त्रीज्यू विद्यालयको सबै नाम पाए फाइल उठाइहाल्छु नि' भन्ने गरेको स्रोतले दाबी गऱ्यो।

रकम बाँड्नका लागि मन्त्री श्रेष्ठले आफ्नो गृहजिल्ला स्याङ्जाका सबैभन्दा बढी विद्यालय छनोट गर्नुभएको छ। उहाँले मन्त्रालयबाटै फोन गरेर ती विद्यालयलाई निवेदन दिन आग्रह गर्नुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

## स्वराज नेपाल आउने

काठमाडौं, (नेस)



नयाँ सरकार गठन गर्ने गृहकार्य भइरहेका बेला भारतीय विदेशमन्त्री सुषमा स्वराज नेपाल आउने तयारीमा रहनुभएको छ। फागुन दोस्रो साताभित्र उहाँ नेपाल आउने गृहकार्यमा जुट्नुभएको बताइएको छ।

भारतीय सहयोगमा वीरगन्जमा निर्मित एकीकृत सुरक्षा जाँच चौकी नेपाललाई हस्तान्तरणसँगै उच्चस्तरीय राजनीतिक भेटवार्ताका लागि स्वराज नेपाल आउने तयारीमा रहनुभएको परराष्ट्र मन्त्रालय निकट उच्च स्रोतले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## छुट्टाछुट्टै दुर्घटनामा ८ को मृत्यु

धनुषा, (नेस)

शुक्रबार राति र शनिबार छुट्टाछुट्टै ठाउँमा भएको जिप र ट्याक्सी दुर्घटनामा परी ८ जना यात्रुको मृत्यु भएको छ।

काठमाडौंबाट झापा जाँदै गरेको बा१च ३३१४ नम्बरको टाटासुमो धनुषामा दुर्घटना हुँदा ६ जना र ग१ज ६०८५ नं को ट्याक्सी पाँचथर जिल्लाको याङ्वरक गाउँपालिकाको कागुने भीरबाट खस्दा २ जनाको मृत्यु भएको हो। सुमो दुर्घटनामा परी मृत्यु हुनेमा ज्ञानबहादुर चौहान (खोटाङ), शारदा रेग्मी दाहाल (मोरङ), नयाराज जिबी (संखुवासभा), प्रह्लाद न्यौपाने (मोरङ), खेमकुमार राना मगर (मोरङ) र प्रनिता राई (पाँचथर) रहनुभएको छ।

(क्रमशः पृष्ठ ९ मा)






मार्क्सवादलाई मार्गदर्शक सिद्धान्त बनाएर त्यो उपलब्धि हासिल गर्ने योजना बनाउने हो

# 'को अध्यक्ष बन्ने विवाद आवश्यक छैन'



**ठाकुर गैरे**
युवा नेता, नेकपा एमाले

नेकपा एमाले र नेकपा माओवादी केन्द्र पार्टी एकता गर्ने प्रक्रियामा छन्। निर्वाचनलगत्तै पार्टी एकता गर्ने घोषणा गरेको एमाले र माओवादी केन्द्रको बीचमा अझै पद बाँडफाँडको कुरा मिल्न सकेको छैन। अझ पार्टी एकता प्रक्रिया अगाडि बढाउने विषयले प्रक्रियागतरुपमा अगाडि बढ्न सकेको छैन। एमालेले अबको सरकारको नेतृत्व र पार्टीको अध्यक्ष केपी शर्मा ओलीले नै गर्नुपर्ने अडान लिएको छ भने माओवादी केन्द्रले पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' हुनुपर्ने अडान राख्दै आएको छ। मुख्य विषयमा ओली र प्रचण्डबीच अझै सहमति जुट्न सकेको छैन। निर्वाचन सम्पन्न भएपछि दुई पटक बसेको एकता संयोजक समितिको बैठकले पनि एकता प्रक्रिया अगाडि बढाउने विषयमा ठोस् सहमति गरेर अगाडि बढ्न सकेको छैन।

तर, राष्ट्रिय सभा सदस्य, प्रदेशसभाका गठनमा सिट बाँडफाँड गर्न भने कार्यदल नै बनाएर दुई दलले काम गरिरहेका छन्। पार्टी एकता प्रक्रियाका लागि गठन हुने भनिएको सैद्धान्तिक वैचारिक र संगठनात्मक स्वरुप कस्तो हुन्छ भन्ने विषय टुंगो लगाउने दुई कार्यदल भने अझै गठन हुन सकेको छैन। ओली र प्रचण्डबीच पटक–पटक 'वान टु वान' संवाद भए पनि एकता प्रक्रिया अगाडि बढाउने विषयमा सहमति भएको छैन। पार्टी एकता बारेमा पार्टीभित्र युवाहरुको भूमिका, पार्टी एकता प्रक्रिया लम्बिँदा विस्तारै बढ्दै गएको दुवै पार्टीभित्रको अविश्वास र आशंकालगायतको विषयमा केन्द्रित भएर नेकपा एमालेका युवा नेता ठाकुर गैरेसंग नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझी**ले गरेको कुराकानी :

**निर्वाचन लगत्तै हुने भनिएको एमाले र माओवादी केन्द्रबीचको पार्टी एकता प्रक्रिया लम्बियो नि ?**

एमाले र माओवादी केन्द्र दुवै दल एउटै पार्टी निर्माण गरेर अगाडि बढ्ने विषयमा प्रतिबद्ध छन्। यो प्रतिबद्धतालाई परिणाममा बदल्नका लागि आवश्यक गृहकार्य भइरहेको छ। बाहिर हेर्दा केही ढिलाइ भएजस्तो देखिन्छ। यस बीचमा निर्वाचनपछि संवैधानिक जटिलताको आडमा नयाँ सरकार गठनको प्रक्रियालाई अवरुद्ध गर्ने, परिणाम घोषणा गर्न अवरुद्ध गर्दा पनि संवैधानिक मुद्दामा बढी समय खर्चिनुपर्दा एकता प्रक्रियामा ढिलाइ भएको हो।

दोस्रो राष्ट्रिय निर्वाचनपछि प्रदेशसभा गठन र राष्ट्रिय सभा सदस्यको उम्मेदवार टुंगो लगाउन कार्यदल गठन गर्नेदेखि लिएर एकता संयोजक समितिको बैठक पनि बसिरहेको छ। पार्टी एकताका लागि सैद्धान्तिक, वैचारिक र संगठनात्मक विषयमा पनि छलफल भइरहेको छ। दुई वटा कार्यदल गठन गरेर जाने विषयमा पनि अब छिट्टै एकता संयोजक समितिले निर्णय लिन्छ।

**एकताको प्रमुख जग मानिएको सैद्धान्तिक, वैचारिक र संगठनात्मक कार्यदल अझै निक बन्न सकेन त ?**

यसअघि बसेको एकता संयोजक समितिको बैठकले सैद्धान्तिक, वैचारिक र संगठनात्मक कार्यदल गठन गर्ने मोटामोटी सहमति भएको छ।

**नयाँ सरकार गठनअघि नै पार्टी एकता हुन्छ कि हुँदैन ?**

प्रदेशमा सरकार गठन गर्ने प्रक्रिया अगाडि बढेको छ। संविधानले व्यवस्था गरेको प्रावधानअनुसार परिणाम घोषणा गरेको निश्चित समयसीमाभित्र सरकार गठन गर्नुपर्ने अवस्था छ। राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भएसँगै राष्ट्रपतिले केन्द्र सरकार गठनको आह्वान गर्नुहुन्छ। त्यो संविधानले व्यवस्था गरेको नीति र प्रावधानअनुसार चल्न सबै बाध्य छन्। जहाँसम्म पार्टी एकताको कुरा हो। एकता संयोजन समितिको बैठकपछि नेताहरूले तत्काल पार्टी एकता हुन्छ भन्ने अभिव्यक्तिले पनि केन्द्र सरकार गठनको प्रक्रिया र एकताको प्रक्रिया एकसाथ अगाडि बढ्छ।

**एकताको प्रक्रियामा ढिला भएसँगै दुवै पार्टीभित्र शंका र अविश्वास पनि बढ्दै गएको हो ? एकता प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन युवाको भूमिका के हुन्छ ?**

पहिलो हामीले एकतालाई सही ढंगले कुनै पनि अलमल नगरिकन परिणाम लिनुपर्छ। यो एकता जुनसुकै मूल्यमा पनि हुनुपर्छ। यी दुई पार्टी मिलेर एउटै पार्टी बनाउनुपर्छ भन्ने स्प्रिडमा दबाब सिर्जना गर्न आवश्यक छ। देशभित्र र बाहिर एकता प्रक्रिया भाँड्ने षड्यन्त्र असफल बनाउनुपर्छ भनेर हामी लागेका छौं। अविश्वास र आशंकाले फल्ने फुल्ने वातावरण बन्ने अवस्था बनाउनुहुँदैन। एकता प्रक्रियामा अरू कुनै पनि जटिलता पैदा नहुन भन्नका लागि एकताको पक्षमा सकारात्मक वातावरण निर्माण गर्न हामी लाग्छौं। नेतृत्वलाई एकता प्रक्रियाको कामलाई तत्काल टुंगोमा पुर्‍याउनका लागि ठीक परिस्थितिको वातावरण बनाउका लागि हामीले पहलकदमी जारी रहन्छ। दोस्रो पार्टी एकताका लागि वाम गठबन्धनले निर्वाचनमा उठाएका उम्मेदवारहरू निर्वाचित भएका छन्। वाम गठबन्धनले अगाडि सारेको घोषणापत्र जनअनुमोदित भयो। त्यसै गरी निर्वाचनपछि दुई पार्टीले एउटै पार्टी बनाउँछौं भन्ने विषय पनि निर्वाचनबाट निर्वाचित भएको विषय हो। यसमा दृढ संकल्प र प्रतिबद्ध हुनुपर्छ। एकता संयोजक समितिमा पनि दुई वटा पार्टीका अध्यक्षको बीचमा अझ माथिल्लो उचाइमा रहेर के कुरा भइरहेका छन्, त्यो विषय पनि पार्टी कमिटीमा औपचारिक विषयमा आएको छैन। दुई अध्यक्षको बीचमा कुरा भइरहेको अवस्थामा बाहिर त्यसको पक्ष वा विपक्षमा विभाजित हुनुपर्ने आवश्यकता छैन। पार्टीका नेतृत्वले सार्वजनिक गरेका अभिव्यक्तिमा आधारित एउटा छलफल विषय छ भने त्यसै गरी नेता-कार्यकर्ताको सुझाव, बुद्धिजीवी र नागरिकबाट आएको सुझावलाई नेतृत्वले ग्रहण गर्न उचित हुन्छ। यसबाट नेतृत्वले सोचेको विचारलाई अझ समृद्ध बनाउनका लागि महत्त्वपूर्ण योगदान दिन्छ।

**वाम गठबन्धको घोषणा गर्दा एकता प्रक्रियालाई नकारात्मक अभिव्यक्ति नदिने सहमति भएको थियो। तर, एमालेको नेताहरूबाट नै पार्टी र सरकारको नेतृत्व एउटै व्यक्तिले गर्नुपर्छ भन्ने अभिव्यक्तिले माओवादी सशंकित भएको हो ?**

सबै विषयलाई विश्लेषण गरेर पार्टी स्थायी कमिटीको बैठकले नै एकताको प्रक्रियालाई असर पुग्ने कुनै पनि अभिव्यक्ति नदिन निर्देशन नै जारी गरेको छ। सार्वजनिकरूपमा पक्ष वा विपक्षमा खडा भएर नजान पार्टीले निर्देशन नै दिएको छ। हामीले कुनै पनि विषयमा सार्वजनिकरूपमा कुनै सन्दर्भमा कुनै निर्णय सुनाएर पोजिसन क्लियर गरेर बैठकमा बस्नुको अर्थ पनि हुँदैन। हामी जब पार्टी एकता गर्ने भनेपछि समग्र पक्षमा खुला छलफल गर्नुपर्दछ। दुवै पार्टीले संगठन र सिद्धान्तको क्षेत्रमा आगामी कार्यदिशाको क्षेत्रमा धेरै विषयमा हाम्रो स्वभाविक र स्वत: सहमति हुने विषयहरू छन्। थुप्रै विषयहरू यस्ता छन् जो एकता संयोजक समितिको बैठकले तत्काल टुंगो लगाउन सक्छ। कतिपय यस्तो विषयहरू छन् जो महाधिवेशनसम्म छलफलको आवश्यकता ठान्दछ। त्यस्ता विषयलाई महाधिवेशनले मात्र टुंगो लगाउन सक्छ।

**आगामी सरकारको नेतृत्व एमाले अध्यक्ष केपी शर्मा ओलीले गर्ने मोटामोटी सहमति भएको छ। पार्टी एकता हुँदा प्रचण्डले पार्टीको नेतृत्व गर्नुपर्ने विषययमा दुई दलबीच सहमति जुट्न नसकेको हो ?**

अब एमाले पनि पार्टी रहँदैन। माओवादी केन्द्र पनि पार्टी रहँदैन। यी दुईवटै पार्टीको ठाउँमा नयाँ पार्टी बन्छ। भनेपछि अहिले एमालेका अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डदेखि स्थानीय तहसम्म सबै सदस्य नयाँ पार्टीका सदस्य हुनेछन्। नयाँ पार्टीका सदस्यबाट एक जना अध्यक्ष हुन्छ। नयाँ पार्टी बनेपछि नेतृत्वको सवालमा हामीले त्यसलाई सामूहिक अध्यक्ष मण्डल बनाएर लैजाने कि ? कसैले पनि अध्यक्ष नबन्ने गरी अर्को पद सिर्जना गर्ने कि ? एक जना सर्वोच्च नेता हुने अर्को पार्टी अध्यक्ष हुने कि ? यी विकल्प आएका छन्। नयाँ पार्टी नै बन्ने भएपछि एमाले र माओवादीको कुन नेता अध्यक्ष हुन्छन् भन्ने विवाद गर्नुपर्ने आवश्यकता छैन। को अध्यक्ष बन्छ भन्ने विषय समझदारीमा टुंगिने विषय हो।

**त्यसै गरी पार्टीभित्र नेताहरूको व्यवस्थापन पनि निकै जटिल बन्दा एकता प्रक्रिया लम्बिएको हो ?**

एमालेभित्र तीन जना पूर्वप्रधानमन्त्री हुनुहुन्छ। दुई जना पूर्वपार्टी प्रमुख हुनुहुन्छ। माओवादीका अध्यक्ष प्रचण्ड पार्टी प्रमुखसँगै पूर्वप्रधानमन्त्री हुनुहुन्छ। चार जना त पूर्वप्रधानमन्त्री नै हुनुहुन्छ। उहाँहरू दुई वटा पार्टी एकीकरण भए पनि कुन स्थानमा रहने ? केन्द्रीय कमिटीभन्दा माथि रहेर आगामी जीवनलाई चाहिँ देश र जनताका लागि समर्पण गर्ने विषय व्यवस्थापनको पाटोबाट महत्त्वपूर्ण सवाल हो। त्यसै गरी पार्टीका उपाध्यक्ष भइसक्नुभएका वरिष्ठ नेताहरू पनि हुनुहुन्छ। उहाँहरूको व्यवस्थापन कसरी गर्ने ? माओवादीको हेडक्वाटर र एमालेको स्थायी समितिमा रहेका नेताहरूको व्यवस्थापन कसरी गर्ने ? भन्ने प्रश्न जटिल पनि छ। दुई वटा केन्द्रीय कमिटी मर्ज गरेर एउटै केन्द्रीय कमिटी बनाउने विषय पनि जटिल छ। देशभरका जनसंगठनहरू देशभर जिल्ला कमिटी, जनवर्गीय संठनको एकता पनि उत्तिकै जटिल छ।

हामीले एउटा व्यक्ति विशेषमा केन्द्रित गरेर होइन, समग्रतामा यो संगठनात्मक व्यवस्थापन गर्ने नीति बनाउनुपर्छ। हामी दुई वटा कमिटी विघटन गरेर व्यक्ति रोज्ने प्रक्रियामा गयौं भने वाम आन्दोलनको जहाजलाई डुबाउँछ। यति ठूलो पंक्तिलाई व्यवस्थापन गर्न व्यक्ति छान्ने प्रक्रियाको अन्त्य गर्नुपर्छ। संगठनात्मकरूपमा समग्र पार्टी जीवनलाई व्यवस्थित गर्नका लागि यो पार्टीको केन्द्रदेखि स्थायी तहको एकताका लागि पार्टीका नेता र कार्यकर्ताको योग्यता र क्षमताको आधारमा कार्यविभाजन गरेर अगाडि बढ्नुपर्छ। मापदण्ड विधि र पद्धतिमा व्यक्तिलाई समावेश गर्ने बाटोमा गयो भने मात्र सबैले ग्रहण गर्ने अपनत्व लिने र हरेक सदस्यले थाहा पाउने गरी पारदर्शी ढंगले काम अगाडि बढाउनुपर्छ। त्यो विधिअनुसार पार्टी एकता गर्नुपर्छ।

> एकता प्रक्रिया भाँड्ने षड्यन्त्र असफल बनाउनुपर्छ
>
> बाहिर त्यसको पक्ष वा विपक्षमा विभाजित हुनुपर्ने आवश्यता छैन
>
> व्यक्ति छान्ने प्रक्रियाको अन्त्य गर्नुपर्छ

**प्रचण्डलाई अध्यक्ष मानेर जान सकिन्न भन्ने कतिपय एमालेका नेताहरूको अभिव्यक्ति आएको छ नि ?**

त्यो भावना राख्नुहुँदैन। एमालेमा माओवादी विलय हुने अथवा माओवादीमा एमाले विलय हुने होइन। यी दुवै पार्टी इतिहास हुने भए। वर्तमानमा नयाँ पार्टी बन्ने भए। नयाँ पार्टीमा पार्टीका सदस्यहरूको समान हैसियत हुने भएपछि त्यही आधारमा नेतृत्व छनोट गरेर कार्यविभाजन गर्दै अगाडि बढ्ने हो। हिजो को ठूलो थियो ? को सानो थियो ? कसले युद्धको नेतृत्व गरेको थियो ? कसले शान्तिपूर्ण आन्दोलनको नेतृत्व गरेको थियो ? भन्ने कुरा अब रहनुहुँदैन। माओवादी सशस्त्र जनविद्रोह र जनआन्दोलनबाट प्राप्त उपलब्धि नयाँ बन्ने पार्टीको साझा सम्पत्ति हुनेछन्। अहिलेसम्म गरेको अभ्यास र निर्णयहरू भविष्यमा थप काम लाग्छ। ती चिजहरू प्रयोग गर्दै जानेछौं। शान्तिपूर्ण प्रतिस्पर्धाबाट समाजवाद सम्भव छ भनेर हामीले साझा प्रतिबद्धता बनाएका छौं। त्यो हासिल गर्नका लागि आगामी दिनमा बन्ने नयाँ पार्टीले आगामी दिनमा मार्क्सवादलाई मार्गदर्शक सिद्धान्त बनाएर त्यो उपलब्धि हासिल गर्न योजना बनाउने हो। अब नेता को हुने भन्ने विषयमा आशंका पैदा गरेर अविश्वास गरेर पार्टी एकतालाई कमजोर बनाउने काम कतैबाट पनि गर्नुहुँदैन।

**एमालेभित्र राष्ट्रिय सभा सदस्यको छनोट गर्दा पार्टीभित्र लामो समय योगदान गरेका नेताहरूलाई भन्दा पनि नेताहरूले आफन्त च्याप्न थालेको भन्दै असन्तुष्टि देखिन्छ नि ?**

पार्टीभित्र आफ्नो नेता तथा कार्यकर्ताको कामको मूल्यांकन गर्नुपर्छ। समानरूपमा नेता-कार्यकर्ता र जनतालाई न्याय दिन सक्नुपर्छ। कामको मूल्यांकन गर्ने, योग्यता क्षमताको मूल्यांकनको आधारमा सबै निर्णय हुनुपर्छ। व्यक्ति रोज्ने प्रवृत्तिले कार्यकर्ताको सही मूल्यांकन हुन सक्दैन। राष्ट्रिय सभा सदस्यको सदस्य छनोट मात्र होइन। प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचनको क्रममा यो आवाज उठेको थियो। २०४६ देखि अहिलेसम्म जति पटक निर्वाचन भएका छन्। ती निर्वाचनको क्रममा नेतृत्वले कार्यकर्ता र नेताहरूको सही मूल्यांकन गर्न सकेनन् भनेर आलोचना र असन्तुष्टि हुने गरेको छ। अब पार्टीले यी विषयहरू किन उठेका छन् ? यी विषयको निधान कसरी गर्ने हो ? भन्ने कुरामा हेक्का राख्नुपर्छ। नेताहरूले कार्यकर्ताको मूल्यांकन गर्दाखेरी व्यक्तिगत आग्रहबाट प्रेरित हुनुभएन।

**पार्टीले हरेक निर्वाचनमा उम्मेदवार छनोटको मापदण्ड बनाउँछ तर किन कार्यान्वय हुँदैन ?**

समाजमा सामाजिक सञ्जालमा, मिडियामा अरू विभिन्न कार्यकर्ता भेला र भेटघाटमा जे प्रश्न उठेका छन् यी प्रश्नको जवाफ नेतृत्व दिन सक्नुपर्छ। जवाफ दिने गरी निर्णय गर्ने सामर्थ्य नेतृत्वले राख्नुपर्छ।

**तपाईं यस पटकको प्रतिनिधिसभा सदस्य उम्मेदवारको आकांक्षी हुनुहुन्थ्यो तर पार्टीबाट टिकट पाउनुभएन नि ?**

म दुई वटा संविधानसभा सदस्य र अहिले संविधानबमोजिम संसद्को टिकट मेरो वरिपरि घुमेकोघुम्यै छ। तर, मेरो हातमा पर्न सक्दैन। यो मेरो निजी विषय रहेन। यो समाजको विषय बनिसक्यो। जनताको बीचमा बहस बनेको छ। मेरो विषयमा मैले बोल्दा सान्दर्भिक पनि हुँदैन। अहिले पार्टीको स्थायी कमिटीले मेरो बारेमा सोचेको कुरा के हो ? अथवा स्थायी कमिटीले बनाएको धारणा मलाई केही भनेका छैनन्। मेरो बारेमा सोध्न पनि गएको छैन। देशभरिबाट उठेको जवाफ नेतृत्वले दिए हुन्थ्यो भन्ने लाग्छ। म पनि जानकारी प्राप्त गर्न पाए हुन्थ्यो लाग्छ। तर, म जन्मिएको सांसद हुनका लागि मात्र होइन। मैले जीवनभर सांसद भइनकन पनि पार्टीमा रहेर देश र जनताका लागि सक्दो काम गर्छु। टिकटको बारेमा मेरो आग्रह र गुनासो पनि छैन।

**सरकारले भूकम्पपीडितलाई थप १ लाख रुपियाँ दिने र ६५ वर्षमा नै वृद्धाभत्ता दिने निर्णय गरेको विषयलाई एमालेले निकै आपत्ति जनाएको छ नि ? वृद्धभत्ता वृद्धि गर्ने त एमालेको नीति नै हो नि होइन ?**

अहिले सरकारले जे निर्णय गरेको छ, यस्तो प्रकारको निर्णय गर्न पाउने अधिकार नै यो सरकारलाई छैन। निर्वाचन सम्पन्न गराउने जिम्मेवारी सकेर कामचलाउको हैसियतमा रहेको सरकारले दूरगामी असर गर्ने निर्णय गर्न पाउने कुरा नै भएन। सरकारले गरेको निर्णय संविधान, कानुन उल्लंघन हो। यो निर्णयले लोकतान्त्रिक मूल्य मान्यताको धज्जी उडाएको छ।

**तर, अहिलेको सरकारले गरेको निर्णयले अब बन्ने वाम गठबन्धनको नेतृत्वको सरकारलाई अप्ठेरो पार्ने देखिन्छ नि ?**

अब बन्ने सरकारले विगतको सरकारले के गरेको थियो ? कस्तो निर्णय गरेको भन्ने विषयलाई भन्दा पनि वाम गठबन्धनको सरकारले देश र जनताको समस्या के हो ? भूकम्पपीडितको समस्या के हो ? बेरोजगारी र गरिबीको समस्या के हो ? यसको समाधान कसरी गर्न सक्छौं ? भन्ने कुरा हामीले स्पष्टरूपमा घोषणापत्रमार्फत सार्वजनिक गरेका छौं। संविधानले जनअधिकारको बारेमा बोलेको छ। समाजवादमा जाने त हामीले संविधान नै बनाएका छौं। अब सरकारले देश र जनताको पक्षमा जनजीविका, न्याय र समानताको पक्षमा दृढतापूर्वक काम गर्छ। देउवा नेतृत्वको सरकारले गरेको निर्णयबाट प्रभावित हुनुपर्ने कुनै कारण छैन।

**प्रदेशको राजधानी घरदैलोमा हुनुपर्छ भनेर आन्दोलन गर्न तयार हुने नेपाली जनता देशको सीमा मिचिँदाचाहिँ धेरै बोलेको सुनिँदैन नि ?**

एमाले मात्र त्यस्तो पार्टी हो। जुन पार्टी भारतीय नाकाबन्दी हुँदा दृढतापूर्वक जुध्यो। एमाले नेतृत्वमा रहेको सरकार नै त्यसको विरुद्धमा जुट्यो। अहिले पछिल्लो समय वीरगन्जको छप्कैया चर्चामा छ। त्यसको विरुद्धमा हामी छौं। त्यसैले वाम गठबन्धनले आफ्नो घोषणापत्रमा स्पष्ट भनेको छ- यो वाम गठबन्धन, देशको सार्वभौमिकता, स्वाधीनता, भौगोलिक अखण्डता, स्वभिमानको पक्षमा दृढतापूर्वक उभिनेछ। यसले नेपाल भारतको बीचमा सीमाको क्षेत्रमा, अर्थतन्त्रको क्षेत्रमा, राजनीतिको क्षेत्रमा, संस्कृतिको क्षेत्रमा दुई पक्षीय सम्बन्ध छ। जुन-जुन क्षेत्रमा भारतबाट नेपाल हेपिएको छ। एउटा नेपालप्रति भारतको हेपाहा प्रवृत्ति छ। यी सबै विषयलाई अब बन्ने सरकारले उच्च प्राथमिकतामा राखेर १०५० को असमान सन्धिदेखि अहिलेसम्म भएका अमान सन्धिहरूलाई खारेज गर्नुपर्छ। अब नेपाल भारतको बीचमा समानताको आधारमा न्यायपूर्ण सम्बन्ध स्थापित गर्नुपर्छ। हाम्रो चाहना नेपाल र नेपाली जनताको हितमा रहेर काम गर्ने उच्च प्राथमिकता हो। हामी नेपालको एक इन्च जमिन गुम्न दिने छैनौं। हामीलाई अरूको एक इन्ज जमिन पनि आवश्यकता छैन। हाम्रो स्वाभिमान गुम्न दिँदैनौं। हाम्रो राष्ट्रिय झण्डालाई गुम्न दिँदैनौं।

# कामना फिल्म अवार्डस् २०७४

# के भन्छन् मनोनयनमा परेका कलाकार?

## विधा : निर्देशक

### जस्तो निर्णय आए पनि खुसी



आकाश अधिकारी

**मनोनयन विधा : फिल्म र निर्देशक (के म तिम्रो होइन र)**

अवार्डको नोमिनेशनमा मेरै फिल्म परेको बेला मैले नै विजेता को बन्छ भनेर भन्नु गाह्रो कुरा हो। भन्न त जसले पनि मेरो फिल्मले पाउँछ भनिहाल्छन्, तर जुन फिल्मले पाए पनि त्यो जुरी र दर्शकको रोजाइको फिल्मले पाउँछ। निर्देशकको कुरा गर्नुपर्दा *के म तिम्रो होइन र* मा मैले राम्रोसँग एउटा डाइरेक्टरको प्वाइन्ट अफ भ्यु प्रयोग गरेको छु। अरू फिल्म पनि आफ्नो ठाउँमा राम्रो छन्, तर अरू फिल्म मेरोभन्दा राम्रो, मेरो फिल्म झुर छ भन्न सक्दिनँ। जुरी र दर्शकले जस्तो निर्णय गर्छन्, त्यसमा नै म खुसी छु।

### मैले राम्रो काम गरेको छु



दीपेन्द्र के खनाल

**फिल्म : चपली हाइट-२**

अवार्ड कसले पाउँछ भन्ने बारेमा मैले सोचेको छैन। मलाई आफूले राम्रो काम गरेको जस्तो लाग्छ, अरूलाई पनि आफ्नो काम राम्रो नै लाग्छ। फेरि नोमिनेसनमा निश्चल बस्नेत, सुवर्ण थापा जस्ता राम्रो काम गर्ने व्यक्तिहरू नै पर्नुभएको छ। त्यसैले अवार्ड यसले जित्छ, उसले जित्छ भन्ने सकिँदैन। सबैले आ-आफ्नो ठाउँबाट राम्रो काम गरेका छन्।

### जात्राले पाउँछ



हेमराज बीसी

**मनोनयन : फिल्म, निर्देशक, कथा, पटकथा र संवाद (गाजलु)**

मेरो विचारमा *कामना फिल्म अवार्ड*मा उत्कृष्ट फिल्मको अवार्ड *जात्रा*ले पाउँछ। *जात्रा* पब्लिकले मन पराएको र मलाई पनि निकै मन परेको फिल्म हो। यसको कथा निकै राम्रो छ। हुन त मैले मनोनयनमा पर्ने सबै फिल्म हेरेको छैन, त्यस कारण मैले भनेको फिल्मले नपाउन पनि सक्छ। स्क्रिन प्लेमा पनि *जात्रा*ले नै अवार्ड पाउँछ जस्तो लाग्छ। किनभने मैले हेरेका अन्य फिल्म भन्दा *जात्रा*को स्क्रिन प्ले राम्रो पाएको छ। डाइलगमा *जात्रा* पनि परेकाले जात्राबाट प्रदीप भट्टराई वा गाजलुबाट मैले पाउँछु होला जस्तो लाग्छ।

### डाइरेक्टरको अवार्ड हेमराजले पाउनुहुन्छ



निश्चल बस्नेत

**फिल्म : लुट-२**

मेरो विचारमा हेमराज बीसीले उत्कृष्ट डाइरेक्टरको अवार्ड पाउनुहुन्छ। डाइरेक्सनवाइज *गाजलु*मा उहाँको काम निकै राम्रो छ। मेरो *लुट-२* ले व्यापार राम्रो गरे पनि यसमा मैले राम्रो काम गर्न सकेको छैन भन्ने फिल म आफैंले पनि गरेको छु। यो फिलममा जति डाइरेक्टरले काम देखाउन सक्नुपर्ने हो, त्यो मैले देखाउन सकेको छैन। स्टोरी र स्क्रिन प्ले *लुट-२* को मेजर कमजोरी हो। अवार्ड भन्ने कुरा जो डिजर्भिङ छ, उसले पाउनुपर्ने हो। बेस्ट डाइरेक्टरको नोमिनेसनमा परेका हामी सबै साथीभाइ हौं, अवार्ड जसले पाउनुभए पनि खुसी नै हुन्छौं।

## विधा : नवनिर्देशक

### छक्का पञ्जाले पाओस्



दीपाश्री निरौला

**फिल्म : छक्का पञ्जा**

म दर्शक बनेर भन्ने हो भने *छक्का पञ्जा* सबैभन्दा बढी चलेको र ग्रस रेकर्ड राख्न सफल फिल्म भएकाले बेस्ट फिल्मको अवार्ड *छक्का पञ्जाले* नै पाओस् भन्छु। नवनिर्देशकको अवार्डचाहिँ म भन्न सक्दिनँ। अवार्ड पाउने लोभ त कसलाई हुँदैन र? तर पनि कसले पाउँछ भन्न सक्दिनँ। यस वर्षको अधिकांश अवार्ड मैले नै पाइरहेको छु, *कामना फिल्म अवार्ड*मा चाहिँ जुरीले के निणर्य गर्नुहुन्छ हेरौं। मलाई जुरीको निर्णय स्वीकार्य छ।

### निर्देशन दीपाजीको राम्रो, स्क्रिनप्ले मेरो



प्रदीप भट्टराई

**विधा : नवनिर्देशक, पटकथा र संवाद (जात्रा)**

नेपालमा वर्षमा सयको हाराहारीमा फिल्म बन्छन्। तीमध्येबाट जुरीले *जात्रा*लाई उत्कृष्ट ५ मा राख्नु नै एक हिसाबले अवार्ड जितेसरह हो। मनोनयनमा परेका सबै फिल्म दर्शकको माया पाएका फिल्म हुन्। यस कारण पनि यही फिल्मले अवार्ड पाउँछ भनेर भन्न सक्ने अवस्था छैन। डेब्यु डाइरेक्टरमा परेकामध्ये *छक्का पञ्जा*मा दीपाजीले निकै राम्रो काम गर्नुभएको छ। उहाँको निर्देशनमा पहिलोपटक बनेको *छक्का पञ्जाले* ऐतिहासिक रेकर्ड नै बनायो। उत्कृष्ट ५ मा परेका अन्य डेब्यु निर्देशकको फिल्महरू पनि राम्रा छन्। तर, अवार्ड त सकेसम्म आफैंले पाएको राम्रो, हा..हा..हा...। तर, जसले पाए पनि खुसी लाग्नेछ। *स्क्रिन* प्लेमा *जात्रा* उत्कृष्ट छ जस्तो लाग्छ, अवार्डको दाबेदारी हो। डाइलगमा भने *छक्का पञ्जाले* नै बाजी मार्छ जस्तो लाग्छ। छक्का पञ्जाको प्रत्येक डाइलगले दर्शकलाई हसाएको छ। *छक्का पञ्जा*को डाइलगले नै यो फिल्मलाई कभर गरेकाले यसले नै अवार्ड पाउला जस्तो लाग्छ।

### दीपाश्रीले जित्नुपर्ने हो



रोज राणा

**फिल्म : जय पशुराम**

म आफैं रेसमा भएपछि त आफ्नै नाम लिनुपऱ्यो नि हैन र? व्यावसायिक हिसाबले कुरा गर्ने हो भने *छक्का पञ्जा* बढी चलेको फिल्म हो। त्यस कारण यो अवार्ड दीपाश्री निरौलाले जित्नुपर्ने हो। तर, मेकिङको हिसाबले भने *जय पशुराम*बाट मैले अवार्ड पाउनुपर्छ भन्ने लाग्छ। *जय पशुराम*ले *छक्का पञ्जाले* जति व्यापार गर्न सकेन अर्को कुरा, तर मेकिङ र टेक्नोलोजीमा अन्य भन्दा *जय पशुराम* उत्कृष्ट छ।

### क्राइट एरिया के छ?



नरेशकुमार केसी

**मनोनयन : नवनिर्देशक, कथा र पटकथा (डाइङ क्यान्डल)**

अवार्ड कसले पाउने भन्ने कुरा त जुरीले निर्णय गर्ने कुरा हो। फिल्मलाई कुन आधारमा अवार्ड दिने भन्ने कुरामा पनि भर पर्छ। बक्स अफिसको आधारमा, धैरै मासमा पुगेको आधारमा अथवा फिल्म कति आर्टिस्टिक छ भन्ने जस्ता कुनचाहिँ आधारमा अवार्ड दिन लागिएको हो भन्ने क्राइटएरियामा भर पर्छ। यस वर्ष नवनिर्देशकको म्यासिभ अवार्ड दीपाश्री निरौलाले नै पाइरहनुभएको छ। यदि ओमन इम्पावरमेन्टलाई हेरेर अवार्ड दिने हो भने पक्कै पनि दीपाश्री निरौलाले नवनिर्देशकको अवार्ड पाउनुहोला। तर, महिला पुरुष केही नहेर्ने विशुद्ध फिल्म निर्देशनलाई हेर्ने हो भने *जात्रा*बाट प्रदीप भट्टराईले अवार्ड पाउनुहोला। म नवनिर्देशकसहित कथा र पटकथाको विधामा परेकोमा खुसी लाग्यो। अन्य विधामा पनि त्यही हो, अवार्ड केको आधारमा दिने भन्ने कुरामा भर पर्छ।

### सोचेको छैन



सन्तोष शिवाकोटी

**फिल्म : शब्द**

अवार्ड केको आधारमा दिने भन्ने कुरामा भर पर्छ। बक्स अफिसको आधारमा हो कि अन्य आधारमा हो भन्नेमा भर पर्छ। तर, अवार्ड कसले पाउँछ भन्ने सोचेको छैन।




# विचार

यदि तपाई सत्य बोल्नुहुन्छ भने तपाईलाई कुनै पनि कुरा याद राख्नुपर्नेछैन।

– मार्क ट्वेन

त्यो काम रोज्नुस् जुन तपाईलाई हृदयदेखि नै मन पर्छ, त्यसपछि तपाईलाई जिन्दगीभर एक दिन पनि काम गर्नुपर्नेछैन।

– कन्फ्युसियस

2018, JAN Sunday 28

## सम्पादकीय

नेपाल समाचारपत्र

## गलत निर्णयको नजिर नबसोस्

सरकारले सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिकको उमेर ६५ वर्षमा झारेसँगैको बहस व्यापक बनेको छ। यो निर्णयको प्रशंसाभन्दा कयौं गुणा बढी आलोचना भएको छ। अर्थ मन्त्रालयले चालू आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वृद्धिका लागि बजेट व्यवस्थापनको तयारी नै नगरी मन्त्री परिषद्को पछिल्लो निर्णय आएपछि यो सर्वत्र आलोचना भएको हो। सरकारले आफ्नो हैसियत बिर्सिएर सस्तो लोकप्रियताका लागि यस्तो निर्णय गरेको भन्नेहरू धेरै छन्। विभिन्न किसिमका राजनीतिक उतार–चढावबीच संघ र प्रदेशको निर्वाचन गराएर नयाँ सरकारलाई सत्ता हस्तान्तरण गर्ने क्रममा रहेको सरकारले पछिल्लो निर्णयसँगै निकै विवादमा तानिएको छ।

राजननीतिक नियुक्ति, सरुवा, बढुवा, आर्थिक सहायता जस्ता सरकारका एकपछिको अर्को निर्णय विवादमा तानिएको छ। सरकारले गत बुधबार ज्येष्ठ नागरिक भत्ताको उमेर हद ६५ वर्षमा झार्ने नीतिगत निर्णय गर्दै भूकम्प पीडितलाई थप १ लाख अनुदान, गम्भीर प्रकृतिका दीर्घरोगी र अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई आजीवन भत्ता दिने निर्णय गरेको हो। भूकम्पपीडित, दीर्घरोगी र खेलाडीको विषयबारेको निर्णय प्रशंसा योग्य भए पनि ज्येष्ठ नागरिकबारेको निर्णय पक्कै पनि व्यावहारिक होइन। सामाजिक सुरक्षा भत्ता पाउनेको उमेर हद हेरफेरका कारण मात्रै राज्यलाई बर्सेनि अर्बौं रुपियाँको आर्थिक बोझ थपिने जानकारहरू बताउँछन्।

कुनै पूर्वयोजना र सम्बन्धित पक्षसँग छलफल नगरी सरकारले भत्ता वृद्धि गरेपछि उक्त निर्णयलाई आर्थिक क्षेत्रका ज्ञाताले गैरजिम्मेवार, अल्पकालीन र सस्तो लोकप्रियता भएको बताएका छन्। काम चलाउ अवस्थामा रहेको सरकारले सस्तो लोकप्रियताका लागि मुलुकलाई नै आर्थिक दल–दलमा फसाउने निर्णय गरेको उनीहरूको दाबी छ। हरेक वर्ष राजस्व संकलन घट्दै गएको र संघीयता कार्यान्वयनमा ठूलो बजेट आवश्यक पर्ने प्रस्ट हुँदाहुँदै सरकारले यस्तो निर्णय गर्नु मुलुक आर्थिक संकटमा पर्न सक्ने आँकलन गरिएको छ। एमाले, माओवादी निकटका मात्रै होइन कांग्रेस निकटका अर्थविद्हरू पनि दीर्घकालीन आर्थिक बोझ थपिन सक्ने बताउन थालेका छन्।

सरकारको यो निर्णयले 'घाँटी हेरेर हाड निल्नु' भन्ने प्रचलित नेपाली उखानलाई चटक्कै बिर्साएको छ। केही निर्णय व्यावहारिक भए पनि सामाजिक सुरक्षा भत्ता पाउनेको उमेर हद हेरफेर सस्तो लोकप्रियताबाहेक अरू केही हुन सक्दैन। यससँगै नयाँ सरकारले प्रतिशोध र स्वेच्छाचारी ढंगले निर्णय सच्याउनु बुद्धिमानी हुँदैन। विज्ञ व्यक्तिहरूसहितको समिति बनाएर छानविन अघि बढाउने कामलाई प्राथमिकता दिनुपर्छ। जथाभावी निर्णय गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ, साथै यस्तो कदम आगामी दिनमा गठन हुने सरकारका लागि नजिर बन्ने वातावरण बनाइनुहुँदैन।

### लेखकहरूलाई अनुरोध

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# संघीयता कार्यान्वयनको शुरूआत



रमेश घिमिरे

मुलुक यतिखेर जनप्रतिनिधिमूलक संविधानसभामार्फत निर्माण भएको नेपालको संविधान २०७२ को कार्यान्वयनको बाटोमा अग्रसर भइरहेको छ। यस संविधानको कार्यान्वयनका लागि यस वर्ष २०७४ साल ऐतिहासिक वर्षका रूपमा रहेको छ। किनभने यस वर्ष यस संविधान कार्यान्वयनका लागि अत्यावश्यक पर्ने स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन अत्यधिक जनसहभागिता र उल्लासका साथ सम्पन्न भइसकेको छ। राष्ट्रिय सभाको निर्वाचन आगामी माघ २४ गते हुँदै छ। उक्त निर्वाचन सम्पन्न भइसकेपछि मुलुक नयाँ जनादेशअनुसार संघीय शासन प्रणालीको कार्यान्वयनतर्फ लम्किनेछ।

संघीयता हाम्रो लागि नयाँ शासन प्रणालीको प्रयोग हो। यसअघि केन्द्रीय सरकारबाट नै देशको समग्र शासन व्यवस्था नियन्त्रित र निर्देशित हुन्थ्यो। जसको कारण असन्तुलित विकास र शासन प्रक्रियामा असमावेशी प्रतिनिधित्वको ज्वलन्त समस्या देखापरेको थियो। देशका सबै क्षेत्र, वर्ग र समुदायका नागरिकको सर्वाङ्गिण विकास, प्रतिनिधित्व, पहुँच र सहभागिता सुनिश्चित गर्ने हेतुले नयाँ संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्यको संरचना निर्धारण गरेको छ। अब मुलुकको शासन संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वयबाट सञ्चालन हुनेछ।

> एकैचोटि सयौं संरचना र पूर्वाधारहरू निर्माण गर्न सानोतिनो रकमले पुग्दैन। दातृराष्ट्र गुहार्नुपर्ने हुन सक्छ। यति बेला राजनीतिक नेतृत्वले विशेष सुझबुझ र जिम्मेवारी बहन गर्नुपर्ने हुन सक्छ। सबै राजनीतिक दलको सहकार्य र एकताबाट मात्र संघीयताको अभ्यासमार्फत पहिलोचोटि हुन थालेको संविधान कार्यान्वयनको बाटोले सही गोरेटो लिन सक्छ।

देशभर ७ सय ५३ स्थानीय तह छन्। त्यसमध्ये ६ वटा महानगरपालिका, ११ वटा उप-महानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिका रहेका छन्। ती सबै स्थानीय तहमा कुल ६ हजार ७ सय ४३ वटा वडा रहेका छन्। तिनै वडा कार्यालयबाट यसअघि सिंहदरबारले प्रदान गर्दै आएका आधारभूत सेवा सुविधा प्रवाह हुनेछन्। संविधानको अनुसूची ८ ले एकल प्रयोग गर्न सक्ने गरी २२ वटा अधिकार स्थानीय तहलाई दिएको छ।

स्थानीय प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, स्थानीय कर उठाउने, स्थानीय सेवाको व्यवस्थापन गर्ने, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण व्यवस्थापन र जैविक विविधता, स्थानीय, ग्रामीण र कृषि सडक तथा सिँचाइ, विपद् व्यवस्थापन, खानेपानी, वैकल्पिक ऊर्जा, जलाधार वन्यजन्तु तथा भाषा, संस्कृति र कलाको संरक्षण र विकास जस्ता विविध अधिकार संविधानले स्थानीय तहलाई दिएको छ। यसअघि कतिपय अधिकारका लागि सिंहदरबारकै मुख ताक्नुपर्ने समस्याबाट अब जनताले उन्मुक्ति पाउने अपेक्षा गर्न सकिन्छ। स्थानीय तहका विकास निर्माण, नीति तर्जुमा र कार्यान्वयन अब स्थानीय तहबाटै यथोचित सम्बोधन हुनेछ। जनताले आधारभूत सेवा र सुविधाहरू आफ्नै घरदैलोमा पाउनेछन्।

त्यस्तै नेपालको संविधान, २०७२ ले ७ प्रदेशको प्रादेशिक संरचना निर्माण गरेको छ। गत माघ ३ गते सरकारले सातै प्रदेशको अस्थायी राजधानी र प्रदेश प्रमुखहरू तोकेको छ। जसअनुसार प्रदेश नं १ को अस्थायी मुकाम विराटनगर, २ नं प्रदेशको जनकपुर, ३ नं प्रदेशको हेटौंडा, ४ नं प्रदेशको पोखरा, ५ नं को बुटवल, ६ को सुर्खेत र ७ नं प्रदेशको धनगढी रहेको छ। तोकिएका प्रदेशहरूका प्रदेश प्रमुखले कार्यभार सम्हाल्नुका साथै प्रदेशसभाका प्रत्यक्ष र समानुपातिकबाट निर्वाचित भएर आएका जनप्रतिनिधिको शपथ ग्रहण सम्पन्न भइसकेको छ। अब प्रदेश मुख्यमन्त्रीको जोडघटाउ शुरु हुनेछ। त्यसपछि देशमा ७ वटा प्रदेश सरकार बन्नेछन्।

संविधानको अनुसूची ६ ले प्रदेश सरकारले एकल प्रयोग गर्न सक्ने गरी २१ वटा अधिकार तोकेको छ। र, अनुसूची ७ ले संघ र प्रदेशको २५ वटा साझा अधिकार निर्धारण गरेको छ। त्यस्तै संविधानको अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहले साझा प्रयोग गर्न सक्ने गरी १५ वटा अधिकार निर्धारण गरेको छ।

प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा, वित्तीय तथा सहकारी संस्थाहरूको सञ्चालन, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग, प्रदेश निजामती सेवा, प्रदेश तथ्यांक, घरजग्गा, सवारी साधन, मनोरञ्जन, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क र दण्ड जरिवाना, प्रदेश निजामती र अन्य सरकारी सेवा, प्रदेश तथ्यांक, प्रदेशस्तरको विद्युत्, सिँचाइ, खानेपानी सेवा, परिवहन, प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, स्वास्थ्य सेवा, प्रदेश लोकमार्ग, भूमि व्यवस्थापन तथा जग्गाको अभिलेख, खानी अन्वेषण र व्यवस्थापनलगायतका विविध अधिकारहरू प्रदेश सरकारले एकल प्रयोग गर्न पाउँनेछ।

संविधानको अनुसूची २ ले रक्षा र सेनासम्बन्धी, युद्ध र प्रतिरक्षा, हात-हतियार खर-खजाना तथा उत्पादनसम्बन्धी, केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा, केन्द्रीय योजना, केन्द्रीय बैंक, मौद्रिक नीति, परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौता, संघीय निजामती सेवा, न्याय सेवा वा अन्य सरकारी सेवा, जलस्रोतको संरक्षण र बहुआयामिक उपयोगसम्बन्धी नीति र मापदण्ड तर्जुमा, अन्तरदेशीय तथा अन्तरप्रदेशीय विद्युत् प्रशारण लाइन, केन्द्रीय विश्वविद्यालय, केन्द्रीय तथ्यांक, ठूलास्तरका विद्युत्, सिँचाइ तथा अन्य आयोजना तथा परियोजना, स्वास्थ्य नीति, स्वास्थ्य सेवा, संघीय संसद्, संघीय कार्यपालिका, सर्वोच्च अदालत, नागरिकता, भिसा, अध्यागमन, खानी उत्खनन, आणविक ऊर्जा, वायुमण्डल र अन्तरीक्षलगायतका २७ वटा मात्र संघ अर्थात् केन्द्रले एकल प्रयोग गर्न सक्ने अधिकार सूचीको व्यवस्था गरेको छ।

फौजदारी तथा देवानी कार्यविधि, प्रमाण र शपथ, आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन, एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण, पारिवारिक मामिलासम्बन्धी कानुन, सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जना, करार, सहकारी साझेदारी र एजेन्सीसम्बन्धी, औषधि र विषादि, योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापन, सामाजिक सुरक्षा र रोजगारी, प्रदेश सीमा नदी, जलमार्ग र जैविक विविधता, सञ्चारमाध्यमसम्बन्धी, गरिबी निवारण र औद्योगिकीकरण, रोजगारी र बेरोजगार सहायतालगायतका २५ वटा अधिकार संघ र प्रदेशका साझा अधिकारको रूपमा किटान गरिएको छ संविधानमा।

सहकारी, शिक्षा, खेलकुद र पत्रपत्रिका, स्वास्थ्य, कृषि, विद्युत्, खानेपानी, सिँचाइ जस्ता सेवाहरू, सेवा शुल्क दस्तुर, दण्ड, जरिवाना, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क, खानी तथा खनिज, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा र गरीबी निवारण, पुरातत्त्व, प्राचीन स्मारक र सम्पदा सुकुम्बासी व्यवस्थापन, सवारीसाधन अनुमतिलगायतका १५ वटा अधिकार भने संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार हुन् भनेर संविधानको अनुसूची ९ मा उल्लेख गरिएको देखिन्छ। संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा मात्र संघीय शासन प्रणाली सफल हुन सक्छ।

ती अधिकारहरूको प्रयोगले सार्थकता पाएको खण्डमा देशको सन्तुलित र समन्यायीक विकास, स्थानीय जनताको शासन प्रक्रियामा प्रत्यक्ष संलग्नता र सबै प्रकारका पहिचान र अधिकारको संरक्षण हुनेछ। तर, अधिकारको प्रयोगमा हानाथाप, एक-अर्काको अधिकार क्षेत्र मिच्ने, विवाद र किचलो आउने सम्भावना धेरै हुन्छ संघीयतामा। स्रोतको बाँडफाँड गर्ने र न्यायोचित वितरण गर्ने सवालमा समस्या आउँदैन भन्न सकिन्न। जनताले सामाजिक न्याय, लोककल्याणकारी राज्य र आर्थिक सामाजिक सम्मृद्धि र एकताको महसुस गर्न सक्नुपर्छ।

संघीयताको प्रमुख दुर्बल पक्ष भनेको यो खर्चिलो शासन व्यवस्था हो। एकैचोटि सयौं संरचना र पूर्वाधारहरू निर्माण गर्न सानोतिनो रकमले पुग्दैन। दातृराष्ट्र गुहार्नुपर्ने हुन सक्छ। यति बेला राजनीतिक नेतृत्वले विशेष सुझबुझ र जिम्मेवारी बहन गर्नुपर्ने हुन सक्छ। सबै राजनीतिक दलहरूको सहकार्य र एकताबाट मात्र संघीयताको अभ्यासमार्फत पहिलोचोटि हुन थालेको संविधान कार्यान्वयनको बाटोले सही गोरेटो लिन सक्छ।

यसर्थ, नेपालमा संघीयताको अभ्यास पहिलोपटक हुँदै छ। नेपाल जस्तो सानो र अल्पविकसित देशका लागि संघीयता टिक्न नसक्ने पो हो कि भन्ने व्यापक आशंका जनमानसमा पाइन्छ। यत्रो धेरै शासकीय संरचनाहरू खडा गर्नका लागि एकैचोटि खर्बौं बजेट आवश्यक पर्छ। त्यो रकम जुटाउन सरकारलाई गाह्रो पर्नेछ। उपयुक्त वित्तीय र स्रोत साधनगत पूर्वाधारहरू निर्माण हुन सकेनन् भने संघीयता असफल हुन पनि सक्नेछ। त्यसैले राजनीतिक नेतृत्वले बेलैमा बुद्धि पुऱ्याउनु आवश्यक देखिन्छ।

## पाठक पत्र

### मनपरी शुल्क बन्द गर

चर्को शुल्क असुलेर एमबीबीएस अध्ययन गर्ने विद्यार्थीको ढाड सेक्ने क्रम रोकिएको छैन। निजी मेडिकल कलेजहरूले एमबीबीएसका विद्यार्थीसँग तोकिएभन्दा बढी रकम असुलेर मनपरी गर्दै आएका छन्। सरकारले उपत्यकाभित्रका मेडिकल कलेजका लागि ३८ लाख ५० हजार र उपत्यकाभन्दा बाहिरका मेडिकल कलेजहरूका लागि ४२ लाख ५० हजार रुपियाँ शुल्क लिन पाउने व्यवस्था गरेको छ। मेडिकल कलेजहरूले सरकारले तोकेको शुल्कका अतिरिक्त ५ देखि १२ लाखसम्म बढी शुल्क असुल गरेको पाइएको छ। चितवन मेडिकल कलेज (सीएमसी) भरतपुरले एमबीबीएसका विद्यार्थीसँग चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) ले तोकेकोभन्दा १२ लाख रुपियाँ बढी असुलेको छ।

मेडिकल कलेजहरूले आफूहरूलाई आएको शुल्क निर्धारण पत्रमा ट्युसन, लाइब्रेरी बा अन्य विभिन्न शीर्षकमा कलेजले केही रकम लिन पाउने भन्ने परिपत्र भएकाले कलेजको नियमअनुसार नै नयाँ भर्ना हुन आउने विद्यार्थीसँग भर्ना हुने क्रममा ६ लाख र कक्षा सञ्चालन अवधिमा ६ लाख लिएको स्वीकार गरेका छन्। सम्बन्धन प्राप्त कलेजहरूको भर्ना चिकित्साशास्त्र अध्ययन संस्थानबाटै अनलाइनमार्फत गरिने व्यवस्था छ। भर्ना भएका विद्यार्थीको नामावलीसहितको विवरण पनि आईओएमले सम्बन्धित कलेजमा पठाउने व्यवस्था छ। सरकारले तोकेभन्दा बढी शुल्क असुल गरेपछि योग्यता सूचीका एमबीबीएस विद्यार्थीले त्रिविमा ज्ञापनपत्र बुझाएर छानविनका लागि माग गरेका छन्। त्रिविले अस्वाभाविकरूपमा लिँदै आएको शुल्कबारे मेडिकल कलेजहरूमा स्थलगत अनुगमन गरी मनोमानी शुल्क असुल्ने मेडिकल कलेजहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ। सरकारले चिकित्सा शिक्षा आयोग गठन भई आयोगले शुल्क नतोकेको अवस्थाबाहेक शैक्षिक वर्ष २०७४/०७५ का लागि अधिकतम ४२ लाख ५० हजार शुल्क निर्धारण गरेको थियो।

मेडिकल शिक्षामा देखिएको विकृति र विसंगतिबारे धेरै बहस भए। विभिन्न शुल्कका नाममा मेडिकल कलेजहरूले लुटतन्त्र जारी नै राखेका छन्। सरकारले मनोमानी शुल्क लिने कलेजमाथि छानविन गरेर कडा कारबाही गर्ने हो भने अनियमित ढंगबाट चर्को शुल्क असुली गर्ने प्रवृत्ति अन्त्य गर्न सकिन्छ। मेडिकल शिक्षाका नाममा भइरहेको लुटतन्त्र नियन्त्रण गर्न त्रिविले कडाइका साथ अनुगमन गर्नुपर्छ। एकातिर छानविन गरेजस्तो गर्ने र अर्कोतिर विभिन्न शीर्षकमा रकम असुली गर्न छुट दिँदै जाने हो भने मेडिकल कलेजहरूको मनोमानी नियन्त्रण हुने छैन। तसर्थ, मेडिकल शिक्षालाई व्यवस्थित र कलेजहरूलाई मर्यादित बनाउन अतिरिक्त शुल्क असुलीको शृंखला हटाउनै पर्छ। सरकारले तोकेभन्दा बढी रकम असुल्ने कलेजहरूलाई भर्ना कोटामै कटौती गर्नुपर्छ। मेडिकल शिक्षाका नाममा कमाउने उद्योग बनाइरहेका मेडिकल कलेजहरूका अनियमित गतिविधिबारे गम्भीररूपमा छानविन गरी आवश्यक कारबाही गर्न ढिलाइ गर्नुहुँदैन। नेपाल सरकारले यो विषयमा छिट्टै केही एक्सल लिने काम गरोस्।

*- पार्वता केसी, चितवन*

### पाइल्सबारे जानकारी : के गर्ने, के नगर्ने ?

पाइल्स भएकाले तारे-भुटेको, अमिलोपिरो, माछामासु, अण्डा, घ्यू, पनिर, मख्खन र मैदाबाट बनेका वस्तुहरूको परहेज गर्नुपर्दछ। नुन, खुर्सानी ज्यादा हालेको, बोटल तथा बट्टाबद्ध खाद्यान्नहरू जंकफुड तथा कार्बोनेटेड ड्रिंक्स (पेप्सी, कोक, मिरिन्डा) आदि अजिनामोटो र अन्य हानीकारक रसायनहरू हालेको खानेकुरा खानुहुँदैन। चिया, कफी, इनर्जी ड्रिंक्स जस्ता उत्तेजक पेयको पनि परहेज गर्नुपर्दछ।

बिहानको नास्तामा फलफूल लिने बानी बसाल्नुपर्छ। रातिको खानामा अन्नको सहभागिता नगराएको राम्रो हो। पाइल्स एक्टिभ र रक्तस्रावी छ भने सकभर अन्न नखाएर फलफूल र तरकारी मात्र सेवन गर्नुपर्छ। सकिन्छ भने केही दिन उपवास गरौं। मौसमअनुसारका फलफूलहरू जस्तैः मौसम, सुन्तला, नासपाती, खरबुजा, काँक्रो, आँप, सरिफा, बेल, बेलौती, मेवा, अंकुरित मुङ-चना-मेथी र भिजाएको छोकडालाई ताजा दहीसँग मिसाएर खानाले कब्जियत कम हुन गई पाइल्समा पनि फाइदा पुऱ्याउँछ।

ठोस भोजन दिनको एकपटक मात्र भएको राम्रो हो। बिहानको भोजनमा रातो चामल, सामा, मकै, बजराको भात अथवा गहुँको दलिया, गहुँ, मकै, फापरको रोटी, काउली, बन्दा, लौका, तोरइको सब्जी विशेष समायोजन होस्। मास र खेसरीबाहेक बोक्रैसमेत पकाएको दालले पनि कब्जियत तथा पाइल्सलाई राम्रो गर्दछ। बेलुकाको भोजनमा अन्नको सहभागिता नभएको राम्रो हो। सब्जी तथा तरकारीको सुप वा २ सय ५० ग्राम उमालेको सब्जीसँग ताजा मोही मात्र खाँदा पाइल्समा राम्रो हुन्छ।

गाई, बाखा, उँट वा घोडाको दूध बिहान नास्तापछि र सुत्नुभन्दा अगाडि सेवन गर्नु फाइदाकारक छ। भैंसीको दूध तथा दुग्ध परिकार पाइल्सका लागि राम्रो होइन। चिकु (सपोटा), केरा, स्याउ, अंगुर, लिची जस्ता फलहरूले कब्जियत तथा पाइल्समा राम्रो गर्दैन। आलु, पिँडालु, तरुल, सुठोनी, भन्टा, चुकन्दर, ओल, सिमलतरुल, राजमा, सेतो चना, मास, भटमास जस्ता कन्दमूल तथा दहलनको प्रयोग नितान्त वर्जित छ।

पाइल्सबाट बच्न मलत्यागको क्रमलाई नियमित तथा सामान्य गर्नु कब्जियत तथा पाइल्स निवारणको पहिलो आयाम हो। तसर्थ, यस कारण बिहान-बेलुका नियमितरूपमा निश्चित समयमा शौच जाने गरौं। दिनमा कमसे कम ३-४ लिटर पानी पिउने गरौं खानामा मसिनो-मीठोभन्दा खस्रो-मोटो वस्तुहरूको समायोजन पाइल्सका लागि फाइदादायक छ। अतः रेसा र चोकरयुक्त खाद्यपदार्थ, सागसब्जी, फलफूल, सलाद खाने बानी बसालौं।

लामो समयसम्म कुर्सीमा बसिरहने नगरौं। बस्नै पर्ने भए पनि ३०-३० मिनेटको अन्तरमा आसन परिवर्तन गर्ने गरौं। ज्यादा भारी वस्तु उठाउँदा सावधानी अपनाऔं। विशेषतः भारी वस्तु उठाउँदा पेटमा बल पार्नुहुँदैन। गसै गरी गर्भावस्था, कलेजोको रोग, आन्द्राको रोग, पारकिन्सन रोग, थाइराइडिजम जस्ता विशेष रोगावस्था भएकाहरूले सावधानी अपनाऔं। श्रम तथा व्यायामलाई दिनचर्याको अभिन्न अंग बनाऔं। मानसिक तनावलाई बेलैमा व्यवस्थित गरौं। गरिष्ठ भोजनको सेवन नगरौं। मद्यपान, धूमपान र अन्य नशालु पदार्थहरूको सेवन नगरौं। मानसिक तथा स्नायुका समस्या हुँदा र अन्तःस्रावी ग्रन्थीका रोगको दबाइ खाँदा सावधानी अपनाऔं।

*- शिव शर्मा, पाल्पा (प्राकृतिक चिकित्सालयमा अध्ययनरत)*

## सामाजिक सञ्जाल



वृद्ध तर वृद्धभत्ता पाउने उमेर पुगिनसकेका अधिकांश नेताहरूलाई जनताले चुनावमा हराइदिए। उनीहरूको नुन-तेलको जोहो गरिएछ।

**Budhi Karki**
**@BudhiKarki**



सम्पत्ति नभएर गरिब भइँदैन, भएको सम्पत्ति नचिनेर गरिब भइन्छ। यदि रोगबाट मुक्ति पाइँदैन भने अपार सम्पत्ति भएर के ? यदि रोग नै छैन भने अपार सम्पत्तिको अवाश्यकता के ?

**पुनम पोखरेल**
**@punm_ooo**



तिम्रो याद दिलभित्र खिल भयो भने
सधैंका लागि त्यो शिथिल भयो भने
'म' त तड्पिएरै मर्छु होला ! प्रियसी
तिमीलाई भुल्न मुस्किल भयो भने ।

**Suren Babu**

‘भएको अलि-अलि पैसा जन्मदिनका लागि मदिरा खरिद गर्नुभन्दा मैले यो उत्तम उपाय सोचें। यति गर्दा बालबालिका प्रफुल्ल छन्, मेरो मन झनै दंग छ।’

# स्व. भरतलाल श्रेष्ठको स्मृतिमा रक्तदान




नेपाल समाचारपत्र

काठमाडौं

लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक-३२५ बी १ को आयोजना तथ क्लबका पूर्वडिस्ट्रिक गभर्नर स्वर्गीय भरतलाल श्रेष्ठको स्मृतिमा शनिबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक-३२५ बी १ अन्तर्गत ७० वटा क्लब तथा मरुहिटी क्लबको संयुक्त आयोजनामा काठमाडौंको वसन्तपुर दरबार क्षेत्रमा रक्तदान गरिएको हो।

रगत अभावबाट व्यक्तिको ज्यान बचाउन सामाजिक सेवा गर्ने हेतुले उक्त कार्यक्रम गरिएको लायन्स क्लब अफ बूढीगण्डकीका अध्यक्ष राजेन्द्रप्रसाद मानन्धरले बताउनुभयो।

लायन्स क्लब अफ काठमाडौं बूढीगण्डकीका संस्थापक लायन हरिप्रसाद मरहट्ठाको संयोजकत्वमा उक्त कार्यक्रममा १ सय ६८ जनाले रक्तदान गरेका थिए।

रक्तदान कार्यक्रममा स्वर्गीय श्रेष्ठका नाति प्रनिश श्रेष्ठ तथा नातिनी सलिना श्रेष्ठले पनि हजुरबुबाको स्मृतिमा रक्तदान गर्नुभएको थियो। रक्तदान कार्यक्रममा पूर्वगभर्नर, पूर्वडिस्ट्रिक गभर्नर, डिस्ट्रिकका वर्तमान गभर्नर, लायन धनराज आचार्य, क्लबका अध्यक्ष, लायन्सका लिडर, क्लबका सदस्यलगायत स्थानीयको बाक्लो उपस्थिति रहेको थियो।

# अनाथालयमा जन्मदिन

काठमाडौं, (नेस)

जन्मदिनको दिन ठूलो होटल, पव वा पार्टी प्यालेसमा भोजको आयोजना गर्नु सबैका लागि सामान्य हो। तर जन्मदिनका दिन कसैले अनाथालयमा गएर अनाथ बालबालिकासँग उनीहरूसँग खुसी साट्छ भने त्यो उदाहरण बन्दछ।



उमेरले २१ पूरा गरेर २२ टेक्दा कसैले पनि अनाथका बीचमा गएर जन्मदिन मनाउने सोचेको पक्कै हुँदैन। अझै प्रेमिका र साथीभाइका बीच रिसोर्टमा गएर वियरको बोतल फोड्ने सबैको चाहना हुन्छ। तर, यस्ता सोच भएका युवाहरूका अपवाद हुन्- नयाँ बानेश्वरका शाश्वत सुनुवार। धुम्बाराहीस्थित नेसनल कजेजमा अध्ययनरत तथा भीमसेनगोलास्थित कोङकोम क्लबका सदस्य सुनुवारले आफ्नो जन्मदिन विशेषरूपमा मनाउने निर्णय गरे।

शाश्वतले नयाँ बानेश्वरको ६० जना अनाथ बालबालिका रहेको नयाँ नेपाल अनाथालयमा सम्पूर्ण खानेकुराको व्यवस्था गरे र आफ्ना १०-१२ जना साथी बटुलेर अनाथ बालबालिकाका लागि आफैं खाना तयार पारे अनि आफ्नै हातले बाँडे पनि।

अनाथ बालबालिकाको साथमा आफूले नयाँ तरिकाले जन्मदिन मनाएका सुनुवार अत्यन्तै खुसी देखिन्थे। जन्मदिनको दिन समाजसेवामा विशेषरूपले आफूलाई समर्पित गर्न पाएकोमा उनले खुसी व्यक्त गरे। उनले भने- ‘भएको अलि-अलि पैसा जन्मदिनका लागि मदिरा खरिद गर्नुभन्दा मैले यो उत्तम उपाय सोचें। यति गर्दा बालबालिका प्रफुल्ल छन्, मेरो मन झनै दंग छ।’

# अग्रज समाज नेपालमा नयाँ नेतृत्व

पुष्कर बुढाथोकी, भक्तपुर

ज्येष्ठ नागरिकहरूको संस्था अग्रज समाज नेपालको अधिवेशनले महाप्रसाद पराजुलीको अध्यक्षतामा ४३ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मतिले चयन गरेको छ। भक्तपुरको लोकन्थलीमा भएको अधिवेशनले सहअध्यक्षमा नयन्द्रबहादुर खड्का, उपाध्यक्षमा सीताराम ढकाल, प्रभा लम्साल, यशोदा ढकाल, हरिप्रसाद भट्टराई, माधवप्रसाद घिमिरेलाई चयन गरेको । यसै गरी महासचिवमा सरस्वती रिजाल, कोषाध्यक्षमा नन्दाकुमारी ढकाल, सचिवमा रामप्रसाद अधिकारी, सहसचिवमा सीता आचार्य र सहकोषाध्यक्षमा सीताराम पुडासैनी रहनुभएको छ।

केन्द्रीय सदस्यमा हरिभक्त कटुवाल, गोमा तिवारी, पवित्रा खड्का, चेतकुमारी कार्की, कान्छी कार्की, चित्रकुमारी विष्ट, भगवती नेपाल, सावित्रा गिरी, धनमाया कार्की, ललीतबहादुर गिरी, नन्दामाया गौतम, टीकामाया गौतमलगायत रहनुभएको छ।

समाजको प्रवक्तामा गोविन्द निरौला र चन्द्रमाया चुँडाल तथा संरक्षकमा प्रेमबहादुर खड्का, केदार खड्का, तारा लुईंटेल, जानुका पौडेल र कुलबहादुर क्षेत्री रहनुभएको छ। समाजले सहयोगी संस्थाको रूपमा सुरेश बुढाथोकीको नेतृत्वमा १४ सदस्यीय सहयोगी युवा समितिसमेत गठन गरेको छ।

यसअघि अधिवेशनको उद्घाटन गर्दै समाज कल्याण राज्यमन्त्री कान्ता भट्टराईले सरकार ज्येष्ठ नागरिकहरूको मागप्रति संवेदनशील रहेको र हालै सरकारले ज्येष्ठ नागरिकको मागलाई सम्बोधन गर्नेक्रममा वृद्ध भत्ता पाउने उमेर ७० बाट घटाएर ६५ वर्ष पुर्‍याएको बताउनुभयो।

अग्रज समाज नेपालका अध्यक्ष महाप्रसाद पराजुलीले ज्येष्ठ नागरिकहरूले सरकारबाट उच्च सम्मान खोजेको र अब बन्ने सरकारले ज्येष्ठ नागरिकलाई सम्मान दिने विश्वास व्यक्त गर्दै ज्येष्ठ नागरिकको माग सम्बोधन र सडक बसेर चिच्चाउने परम्पराको अत्य हुने आशा गर्नुभयो। अग्रज समाज नेपाल ज्येष्ठ नागरिकका हक अधिकारका लागि गत पाँच वर्षदेखि सडक संघर्ष गर्दै आएको भन्दै उहाँले अब त्यो परम्मपराको अन्त्य हुने बताउँदै त्यसका लागि सरकारले ज्येष्ठ नागरिकमैत्री नीति ल्याउनुपर्ने धारणा राख्नुभयो।

संस्थाका संरक्षक प्रेमबहादुर खड्काको सभापतित्वमा भएको कार्यक्रममा प्रदेशसभा सदस्य शशिजंग थापा, संस्थाका संरक्षक केदार खड्का, पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकी ,समाजका सल्लाकार डम्बरप्रसाद घिमिरे, गोविन्दप्रसाद निरौलालगायतले सरकारले ज्येष्ठ नागरिकका भावना र विश्वासअनुसार काम गर्ने र ज्येष्ठ नागरिकले आफ्ना मागका लागि अब संघर्ष गर्नुपर्ने परम्मपराको अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो।

अग्रज समाज नेपालले ज्येष्ठ नागरिकका लागि सामाजिक सुरक्षा भत्ता मासिक ५ हजार रुपियाँ हुनुपर्ने, औषधोपचार नि:शुल्क हुनुपर्ने, छोराछोरीले बाआमालाई घरैमा सम्मानका साथ पालेर राख्नुपर्ने र उड्ने र गुड्ने सवारीसाधनमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत भाडामा छुट हुनुपर्ने माग राख्दै आएको छ। उक्त मागमध्ये आंशिक माग पूरा भए पनि सबै माग पूरा हुनुपर्ने अग्रज समाज नेपालको अडान छ।

# नेपाल-उज्वेकिस्तानबीच कूटनीतिक सम्बन्ध स्थापना



काठमाडौं, (नेस)

नेपाल र गणतान्त्रिक मुलुक उज्वेकिस्तानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको छ। कूटनीतिक सम्बन्ध स्थापनासम्बन्धी संयुक्त दस्तावेजमा दुवै मुलुकले शुक्रबार हस्ताक्षर गरेका हुन्।

संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि दुर्गाप्रसाद भट्टराई र उज्वेकिस्तानका प्रतिनिधि वाक्टियोर इब्रागिमोभले न्युयोर्कस्थित नेपाली नियोगमा आयोजित एक कार्यक्रममा हस्ताक्षर गर्नुभएको हो। सो अवसरमा दुवै मुलुकबीच हुनसक्ने सहकार्यका बारेमा समेत छलफल भएको राष्ट्रसंघस्थित नेपाली नियोगले जनाएको छ।

नेपालजस्तै भू-परिवेष्ठित र विकासोन्मुख मुलुक उज्वेकिस्तान सुन, ग्यास र इन्धन कारोबारमा अग्रणी मुलुक मानिन्छ। सो मुलुकसँगको औपचारिक सम्बन्धपछि नेपालले विभिन्न १ सय ५८ देशसँग द्विपक्षीय सम्बन्ध विस्तार भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

# समाजसेवी मास्के रहेनन्



काठमाडौं, (नेस)

समाजसेवी केशरबहादुर मास्केको १ सय वर्षको उमेरमा शनिबार निधन भएको छ। निमोनियाले ग्रसित मास्केको नर्भिक अन्तर्राष्ट्रिय अस्पतालमा उपचारका क्रममा निधन भएको पारिवारिक स्रोतले जानकारी दिएको छ।

काठमाडौं महानगरपालिका-१५ विजेश्वरी निवासी मास्के सामाजिक अभियन्ता हुनुहुन्थ्यो। उहाँले नेपालमा कर्मचारीको अधिकार प्राप्तिका लागि २००९ सालमा न्यून वैतनिक कर्मचारी संघ गठन गरेर सिंहदरबारभित्र भद्र अवज्ञा आन्दोलन गर्नुभएको थियो।

सोही आन्दोलन गरेका कारण सरकारले उहाँलाई जागिरबाट वर्खास्त गरेको थियो। काठमाडौंमा स्थापना भएको सन्देश गृह नामक वाचनालयका संस्थापकसमेत रहनुभएका मास्के नेपालमा विदेशी पत्रिका आयात गर्ने पहिलो व्यक्तिका रूपमा समेत चिनिनुहुन्छ। उहाँका छोरा विधानकेशर मास्केका अनुसार स्वर्गीय मास्केको दाहासंस्कार पशुपति आर्यघाटमा गरियो।

# खेर गएका वस्तुबाट बनेका सामग्रीको प्रदर्शनी

भक्तपुर, (नेस)

दैनिकरूपमा घरायसी प्रयोगमा आएर खेर गएका वस्तुलाई एभरेस्ट इंगलिस स्कुल मिवाछेंका विद्यार्थीले सदुपयोग गर्दै आफूले सिकेको सीपबाट आकर्षक, राम्रा, पुन:प्रयोग गर्न मिल्ने र सयौंथरी उपयोगी सामग्री बनाएका छन्।

खेर गकएका प्लास्टिकका बोत्तल, दहीका माटोका कहतरा, कागज, पुराना पत्रपत्रिका, अण्डाका खोल, पुराना कपडा, प्लास्टिक टायरलगायत सयौं प्रयोगहीन वस्तुलाई पुन:प्रयोग गरी आर्कषक र उपयोगी सामग्री बनाएका हुन्।

दशैं र तिहार र अन्य बिदाको समय सदुपयोग गर्दै विद्यार्थीले प्रोजेक्ट वर्कको रूपमा घरमै ती सामग्री बनाएका थिए। सानो कक्षादेखि १० कक्षासम्मका विद्यार्थीले बनाएका ती सामग्रीको शुक्रबार विद्यालय हातामा विशाल प्रदर्शनीको आयोजना गरियो।

प्रतियोगितात्मक सो प्रदर्शनीको विद्यालयका संस्थापक प्रिन्सिपल भक्त राजभण्डारीले उद्घाटन गरेका थिए। ‘कुनै पनि वस्तु खेर जाँदैन, यसबाट विद्यार्थीको सीप सृजनामात्रै हैन, उनीहरूलाई भविष्यमा स्वावलम्वी र आत्मनिर्भर बनाउन पनि मद्दत गर्छ’ -संस्थापक प्रिन्सिपल राजभण्डारीले भन्नुभयो।

# नर्सका लागि प्रशिक्षक प्रशिक्षण शुरू

काठमाडौं, (नेस)

ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालमा शनिबारदेखि सघन उपचार नर्सहरूका लागि प्रशिक्षक प्रशिक्षण शुरू भएको छ।

नेपालमा क्रिटिकल केयरलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित नेपाल क्रिटिकल केयर नर्सेस एसोसिएसनसँगको सहकार्यमा सञ्चालित तालिममा विभिन्न चरणका छनोट परीक्षा पास गरेर आएका २० जना नर्सको सहभागिता रहेको छ।

चरणवद्धरूपमा सञ्चालन हुने चार महिना लामो यस प्रशिक्षणबाट सघन उपचार नर्सिङ प्रशिक्षकका रूपमा सर्टिफिकेट प्राप्त गर्नेछन्।

## आवश्यकता

(प्रथम पटक प्रकाशितमिति २०७४माघ १४)

नलपरासी जिल्ला मणिपुर गा.बि.स.वेनी स्थित निर्माण भईरहेको सिमेन्ट उद्योगको लागि निम्न संख्यामा प्राविधक तथा दक्ष कामदारहरुको आवश्यकता परेको हुँदा इच्छुकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र उल्लेखित ठेगानामा आवदेन दिनुहुन अनुरोध छ।

| सि.नं. | पद | संख्या | योग्यता | अनुभव | काम गर्नुपर्ने क्षेत्र तथा स्थान | कार्यरत रहने अवधि | तलब स्केल | संलग्न कागजातहरु |
|---|---|---|---|---|---|---|---|---|
| १. | Lab Technician | १ | Diploma of Engineering | १) सम्बन्धित काममा कम्तीमा ३ बर्षको अनुभव भएको। २) चाईनीज HSK Level- 3 ३) चिनियाँ भाषा बोल्न र बुझ्नसक्ने। | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| २. | Department of head | १ | MBA/BBA | १) सम्बन्धित काममा कम्तीमा ३ बर्षको अनुभव भएको। २) चाईनीज HSK Level- 3 ३) Finance सम्बन्धित अनुभव भएको। | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| ३. | Interpreter | २ | BA | १) सम्बन्धित काममा कम्तीमा ३ बर्षको अनुभव भएको। २) चाईनीज HSK Level- 6, IELTS Score minimum 7 ३) चिनियाँ र अंग्रेजी भाषामा दक्षयता भएको। | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| ४. | Head Assistant | २ | Diploma of Engineering | १) सम्बन्धित काममा कम्तीमा ३ बर्षको अनुभव भएको। २) चाईनीज HSK Level- 3 ३) Production तथा Raw Material सम्बन्धित अनुभव भएको। ४) चिनियाँ भाषा बोल्न र बुझ्न सक्ने। | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| ५. | Warehouse Manager | १ | सम्बन्धित विषयमा स्नातक गरेको | १) सम्बन्धित काममा कम्तीमा ३ बर्षको अनुभव भएको। २) चिनियाँ भाषा बोल्न र बुझ्न सक्ने। | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| ६. | Quality Controller | १ | Mechanical Engineering | १) सम्बन्धित काममा कम्तीमा ३ बर्षको अनुभव भएको। २) चिनियाँ भाषा बोल्न र बुझ्न सक्ने। | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| ७. | Discipline Inspection Officer | १ | स्नातक गरेको | १) सम्बन्धित काममा कम्तीमा ३ बर्षको अनुभव भएको। २) चिनियाँ भाषा बोल्न र बुझ्न सक्ने। | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| ८. | Procurement Manager | १ | BE | १) सम्बन्धित काममा कम्तीमा ५ बर्षको अनुभव भएको। २) चाईनीज HSK Level- 5 ३) चिनियाँ भाषा बोल्न र बुझ्न सक्ने। | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| ९. | Technician | २२ | सामान्य लेखपढ गर्न जाने | १) सम्बन्धित काममा कम्तीमा ४ बर्षको अनुभव भएको। २) चिनियाँ भाषा बोल्न र बुझ्न सक्ने। | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |

**सम्पर्क ठेगाना:** १)होङशी शिवम सिमेन्ट प्रा. लि. अनामनगर-३२, काठमाण्डौ, नेपाल zhk-nepal@hongshigroup.com २) हनदन सिनोमा कन्स्ट्रक्शन नेपाल प्रा. लि. बालुवाटार -४, काठमाण्डौ, नेपाल sinoma_nepalhs@163.com ३)फोर्टि कन्सट्रक्सन कम्पनि नेपाल प्रा. लि. धोबिघाटर-३, ललितपुर, नेपाल wenlong_xiao@163.com

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय संचार निर्देशनालय
प्रबन्ध शाखा नक्साल, काठमाण्डौ

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४/१०/१४ गते ।**

यस कार्यालयलाई आ.ब. २०७४/७५ मा सिलबन्दी दरभाउपत्रद्वारा देशका बिभिन्न दुर्गम ७ ठाउँ तथा प्रहरी प्रधान कार्यालय संचार निर्देशनालयमा VSAT Communication Equipment (Telephony) नेपाल दुरसंचार प्राधिकरणको बार्षिक खरीद योजना अनुसार बिल भुक्तानी हुने गरी खरिद तथा जडान गर्नु पर्ने भएकोले ईजाजत प्राप्त फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र रु. १०००।- (एकहजार) राजश्व बुझाई निवेदन साथ फर्म दर्ता प्रमाणपत्र, आ.ब. २०७३/०७४ को करचुक्ता प्रमाणपत्र, भिस्याट दर्ता प्रमाणपत्र, भिस्याट नबिकरण प्रमाणपत्र, ISP दर्ता प्रमाणपत्र, भ्याट एवं प्यानको प्रमाणित प्रतिलिपि पेश गरी सिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयबाट खरिद गर्न सकिनेछ । अन्य सर्तहरु सिलबन्दी दरभाउपत्रमा उल्लेख भएअनुसार हुनेछ । थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र वा कार्यालयको फोन नम्बर ०१-४४१२६०३ मा सम्पर्क गर्न सकिनेछ ।

## सिनेमा कर्नर










## अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

## माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनसम्पत्ति प्राप्ति, सुख-सन्तोष, कार्य सफल, सन्तुष्टि।
**वृष** : खाद्यान्न प्राप्ति, शुभ समाचार, मानसिक स्वस्थता, लाभ।
**मिथुन** : मध्याह्नसम्म हानि त्यसपछि उपहार प्राप्ति, पेसामा सफलता।
**कर्कट** : दिउँसोसम्म लाभ, त्यसपछि भने रोगव्याधिको भय, खर्च।
**सिंह** : कार्य सफल, आफन्तबाट सहयोग, मिष्ठान्न भोजन, लाभ।
**कन्या** : राज्यबाट लाभ, प्रतिष्ठा वृद्धि, कार्यसिद्धि, वस्तु वा सेवा प्राप्ति।
**तुला** : दिउँसोसम्म कार्यबाधा, त्यसपछि भने लाभ, प्रतिष्ठामा वृद्धि।
**वृश्चिक** : प्रसन्नता, लाभ तर दिउँसोदेखि नोक्सानी, रोगको भय।
**धनु** : द्रव्य लाभ, विजय, सुख-शान्ति, यश-कीर्ति बढ्ने, वाहन-सुख।
**मकर** : कार्य सफल, पढाइ, प्रतियोगिता, मुद्दामामिलामा विजय।
**कुम्भ** : मध्याह्नसम्म समस्या, त्यसपछि कार्यसिद्धि, सन्तान-सुख।
**मीन** : विवाद, दिनचर्या अस्तव्यस्त, पाचनमा समस्या, निरर्थक घुमफिर।

# नेपाल

> कर्मचारी व्यवस्थापनदेखि कार्यालय स्थापनाको काम भइरहेको जनाए तापनि जिल्लामा रहेका ३ नगरपालिका र ७ गाउँपालिका कार्यालयमा पर्याप्त मात्रामा कर्मचारी नहुँदा काम गर्न समस्या भएको प्रशासकीय अधिकृतहरूले बताउने गरेका छन्।

**बजेट अभाव**

## रंगुन नदी नियन्त्रण कार्य अवरुद्ध



**राम धामी, डडेल्धुरा**

वर्षेनी बाढी प्रकोप निम्त्याउने रंगुन नदी नियन्त्रणका लागि तटबन्ध निर्माण कार्य बजेट अभावमा अवरुद्ध हुने भएको छ।

डडेल्धुरा जिल्लाको भित्रिमधेस क्षेत्रमा रंगुन नदीको बाढीले वर्षेनी विपद निम्त्याउन थालेपछि तीन वर्षदेखि राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिको सहयोगमा जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. २२ धनगढीले तटबन्ध निर्माण गरिरहेको छ।

सो कार्यालयले गुरुयोजना निर्माण गरी रंगुन नदी नियन्त्रणका लागि आलिताल गाउँपालिका र परशुराम नगरपालिकाका विभिन्न क्षेत्रमा तटबन्ध निर्माण कार्य थालेको हो। चालु आर्थिक वर्षमा रंगुन नदी नियन्त्रण कार्यका लागि ७८ करोड बजेट विनियोजन भएको र सो बजेटले परशुराम नगरपालिका-६ का सरगौडा र सिमलखेत बस्तीका साथै आलिताल गाउँपालिकाको मौरीमा तटबन्ध निर्माण भइरहेको जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. २२ धनगढीले जनाएको छ।

रंगुन नदी नियन्त्रणका लागि ठेक्कामार्फत् तटबन्ध निर्माण भइरहेको छ। चालू आर्थिक वर्षका लागि विनियोजित बजेट गत पुससम्म खर्च भइसकेकाले निर्माण कार्य प्रभावित भइरहेको जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. २२ धनगढीका डिभिजन प्रमुख रणबहादुर बमले बताए। उनले चालू आर्थिक वर्षमा तटबन्ध निर्माण सिध्याउने गरी थप बजेट माग गरिएको र थप बजेट प्राप्त हुन नसकेमा निर्माण कम्पनीहरूले काम रोक्ने अवस्था सिर्जना भएको जानकारी दिए।

'वर्षात्को समयमा चुरे क्षेत्रबाट बग्ने खहरे खोलाहरूले ढुंगामाटो ल्याएर रंगुन नदीमा मिसाउने भएकाले वर्षात् अघि नै तटबन्ध निर्माण गर्ने योजना छ', उनले भने- 'तर बजेट अभावमा काम अधुरै रहने हो कि भन्ने चिन्ता बढेको छ।' अत्यान्तै सम्वेदनशील मानिएको चुरे क्षेत्रबाट निस्कने सयौं खहरे खोलाका साथै रंगुन, पुन्तरा र साँदनी नदीले कटान गर्दा वर्षेनी भित्रिमधेस क्षेत्रमा बाढी प्रकोप बढदै गएको छ। सो क्षेत्रमा बाढीकै कारण हालसम्म ५९ परिवार घरवारविहीन भइसकेका छन् भने सयौ परिवार वर्षेनी प्रभावित हुने गरेका छन्।

वर्षात्को समयमा रंगुन नदीको बाढीले बगाएर पछिल्ला ५ वर्षयता मात्रै ९ जनाले ज्यान गुमाइसकेको परशुराम नगरपालिकाकी उपप्रमुख कलावती बोहराले बताइन्। उनले गुरुयोजनाअनुसार रंगुन नदी नियन्त्रणका लागि निर्माण भइरहेको तटबन्ध वर्षात् अघि नै निर्माण सम्पन्न गर्न नसकिए बाढीले थप क्षति पुऱ्याउने जोखिम रहेको जानकारी दिइन्।

## कर्मचारीविहीन गाउँपालिका

सल्यान, (नेस)

स्थानीय निकायको चुनाव भएको ८ महिनाभन्दा बढी बितिसक्दा पनि सल्यानका गाउँपालिका तथा नगरपालिका कर्मचारीविहीन भएका छन्। स्थानीय तहहरूमा कर्मचारी पुगिनसक्दा काम गर्न निकै समस्या भएको गुनासो आउने गरेको छ।

कर्मचारी व्यवस्थापनदेखि कार्यालय स्थापनाको काम भइरहेको जनाए तापनि जिल्लामा रहेका ३ नगरपालिका र ७ गाउँपालिका कार्यालयमा पर्याप्त मात्रामा कर्मचारी नहुँदा काम गर्न समस्या भएको प्रशासकीय अधिकृतहरूले बताउने गरेका छन्।

जिल्लाबाट कर्मचारी खटाइएको भए पनि आफ्नो गाउँपालिकामा कर्मचारीको अभाव हुँदा सबै काम आफूले गर्नुपरेको सिद्धकुमाख गाउँपालिकाका प्रशासकीय अधिकृत हरिजंग चन्दले बताउनुभयो।

उहाँले भन्नुभयो- 'कर्मचारी खटाइएको भए पनि कतिपय कर्मचारी स्थानीय तहमा काम गर्न मानेका छैनन्।' दुर्गम ठाउँ भएको हुनाले र दरबन्दी जिल्लामै भएको कारणले पनि कर्मचारी गाउँपालिकामा जान अटेर गरेको चन्दले बताउनुभयो। उहाँले गाउँपालिकामा खटिएका कर्मचारी पनि १ महिना सेवाकालीन तालीममा गएको हुनाले पनि प्रशासनमा कर्मचारीको अभाव भएको बताउनुभयो। अहिलेसम्म सबै काम आफैंले गर्नुपर्ने स्थिति आएको प्रशासकीय अधिकृत चन्दको भनाइ छ। यतिबेला सिद्धकुमाख गाउँपालिकाका सबै वडा कर्मचारीविहीन रहेका छन्।

## एमाले कार्यालयमा नारायणकाजी

### पार्टी एकीकरण गरेर फागुनमा सरकार गठन

**सन्तोष अधिकारी, गोरखा**

माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले सरकार गठनपहिले नै पार्टी एकीकरण हुने बताउनुभएको छ। शनिबार गोरखा सदरमुकामस्थित एमाले पार्टी कार्यालयमा दुवै पार्टीका कार्यकर्तासँग संयुक्तरूपमा चुनावी समीक्षा गर्दै श्रेष्ठले यस्तो बताउनुभएको हो।



'फागुनमा नयाँ सरकार बनाउने तयारी त छँदै छ', गोरखा नगरपालिका ८ र ९ को संयुक्त चुनावी समीक्षा कार्यक्रममा उहाँले भन्नुभयो- 'गोरखालाई लालकिल्ला त बनाउन त सकिएन, तर संघीय सरकार र प्रादेशिक सरकार वाम गठबन्धनकै बन्ने पक्का छ। म पार्टी एकता संयोजन समितिको पनि भएकाले के भन्छु भने फागुनमा दुई पार्टीको एकता भएको घोषणा गरेर सरकार गठन प्रक्रियाका साथ हामी गृहकार्य गरिरहेका छौं।' उहाँले यदि सरकार गठनअघि पार्टी एक नभए पार्टी एक हुने पक्का पारेर सरकार गठन हुने समेत प्रष्ट पार्नुभयो। उहाँले भन्नुभयो- 'कथमकदाचित सरकार गठनअघि पार्टी एक भएको घोषणा गर्न सकिएन भने पनि वैचारिक राजनीतिक लाइनको आधारमा, यो सरकारको संगठनात्मक नीतिको आधारमा पार्टी एक हुने पक्का भयो भन्ने गरेर सरकार गठनपछि पनि गर्न सक्छौं, तर पार्टी एक हुन्छ हुन्छ। सरकार गठन गर्ने ठाउँमा हामी पुगेको भएर सरकार त गठन गर्नै पर्‍यो नि।'

उनले पार्टी एक हुन नदिन र भाँड्न विभिन्न शक्ति लागेको बताए। 'हामी एक हुन नदिन यसलाई भत्काउन, भाँड्न देशी विदेशी शक्ति लागि परेका छन्, तर हामी पार्टी एक गरेरै शहीद र जनताको सपना पूरा गरेर समृद्ध नेपाल बनाउने नै छौं।'

उहाँले दुवै पार्टीभित्र गुट उपगुट रहेको बताउँदै त्यसको अन्त्य र विभिन्न संगठनको समायोजन कसरी गर्ने भन्ने तयारीमा दुवै पार्टीभित्र छलफल भएको बताए। श्रेष्ठले दुवै पार्टीका नेता तथा कार्यकर्तालाई कसरी कुन ठाउँमा व्यवस्थापन गर्ने भनेर गृहकार्य भइरहेको बताउनुभयो।

वर्तमान प्रधानमन्त्रीले नयाँ सरकार गठनको बाटो नखोलेको भन्दै उहाँले भन्नुभयो- 'जनमतको ख्याल गर्नुपर्दैन। कामचलाउ सरकारमा रहने जे-जे मन लाग्छ त्यही-त्यही गर्ने बस्ने। लोकतन्त्रलाई आफ्नो पार्टीको मुटु मान्नेले लोकतन्त्रकै उपहास गर्ने ?'

## तीन प्रहरी सम्मानित

**नेपाल समाचारपत्र**

इलाम

प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) पंकज श्रेष्ठ, प्रहरी नायव महानिरीक्षक (डीआईजी) मनोज न्यौपाने र वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) पीताम्बर अधिकारीलाई इलाममा सम्मान गरिएको छ। इलाम जिल्लामा जन्मेर नेपाल प्रहरीको उच्च दर्जामा पुग्न सफल भएको भन्दै उद्योग वाणिज्य संघ इलामले १३औं वार्षिक साधारणसभाको अवसर पारेर ३ जना श्रेष्ठ, न्यौपाने र अधिकारीलाई शनिबार सदरमुकाममा दोसल्ला ओढाएर सम्मान गरेको हो।

श्रेष्ठ साविक इलाम नगरपालिका-२, न्यौपाने इलाम नगरपालिका-३ र अधिकारीको जन्म साविक सोयाङ गाविसमा भएको थियो। यसै गरी संघले स्वास्थ्य सेवा सेवामा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै साविक इलाम नगरपालिका-८ का बालकृष्ण भट्टराईलाई पनि सम्मान गरेको छ। सम्मानित भट्टराई हाल वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा कार्यरत छन्। सम्मानित व्यक्तित्वहरूलाई इलाम नगरपालिकाका मेयर महेश बस्नेतले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभएको थियो।

यसै गरी संघले इलामका अग्रज एवं सफल व्यवसायीको रूपमा गोपाल श्रेष्ठ, जयनारायण श्रेष्ठ, कपिलमुनि ढकाल, हरि गौतम, भक्तबहादुर लुङ्गेली मगर, उषा निरौला र दिनेशकुमार महतलाई पनि सम्मान गरेको छ। संघका अध्यक्ष आनन्द कट्टेलको अध्यक्षतामा भएको कार्यक्रममा बोल्ने अधिकांश वक्ताले समुन्नत आर्थिक विकासका लागि उद्योग कलकारखाना तथा रोजगारको अवसर सिर्जना गर्नुपर्नेमा जोड दिएका थिए।

## निरन्तर शिक्षा सञ्चालन हुने

बैतडी, (नेस)। बैतडीमा आगामी फागुन १ गतेदेखि निरन्तर शिक्षा सञ्चालन हुने भएको छ। जिल्लामा रहेका १९ वटा सामुदायिक सिकाइ केन्द्रमार्फत् निरन्तर शिक्षा सञ्चालन गर्ने तयारी भएको जिल्ला शिक्षा कार्यालय बैतडीका विद्यालय निरीक्षक शंकरदत्त जोसीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- '४ महिना सञ्चालन हुने निरन्तर शिक्षा कार्यक्रमअन्तर्गत १९६ कक्षा सञ्चालन गरिनेछन्।' यसअघि सञ्चालन भएका साक्षरता कक्षाका माध्यमबाट साक्षर भएका नागरिकलाई पुन: जागरण गराउने र निरक्षर भएकाहरूलाई साक्षर गराउने उद्देश्यसहित निरन्तर शिक्षा सञ्चालन गरिने विद्यालय निरीक्षक जोशीले जानकारी दिनुभयो।

सहजकर्ताहरूमार्फत् निरन्तर कक्षा सञ्चालन गरिने बताइएको छ। एक कक्षामा १५ जना समावेश गर्ने गरी कक्षा सञ्चालन गरिने जिल्ला शिक्षा कार्यालयले जनाएको छ। निरन्तर शिक्षा सञ्चालनले बैतडीलाई निकट भविष्यमै पूर्ण साक्षर जिल्ला घोषणा गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुटकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

# विश्व

**मतदान**

दोस्रो कार्यकालका लागि चेक गणतन्त्रको राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार बनेका मिलोस जेमान मतदान गर्दै।



**उपचार**

अफगानिस्तानको काबुलमा भएको एम्बुलेन्स बम विस्फोटमा घाइते भएका एकको प्राथमिक उपचार गरिँदै।





## विश्व २ मिनेट

### साउदी अरेबिया

#### हिरासत मुक्त

रियाद, (एजेन्सी)

भ्रष्टाचारविरुद्धको विशेष अभियानको दौरान गत नोभेम्बरमा गिरफ्तार गरी हिरातमा राखिएका साउदी अरेबियाका केही अत्यन्तै शक्तिशाली पुरुषलाई शनिबार रिहा गरिएको छ। यसरी हिरासत मुक्त हुनेहरूमा एमबीसी टेलिभिजना नेटवर्कका प्रमुख वालिद अल-इब्राहिम र शाही अदालतका पूर्वप्रमुख खालिद अल-तुवाइजिरी पनि रहेका छन्। तिनीहरूले आफ्नो अपराधको प्रकृतिभन्दा धेरै पैसा तिरेको जनाइएको छ। तर पैसाको परिमाण भने सार्वजनिक गरिएको छैन। सो अभियानमा राजकुमार, राजनीतिज्ञ र धनी व्यापारी गरी करिब २ सय जनालाई पक्राउ गरिएको थियो।

### क्यानडा

#### हत्या ठहर

टोरोन्टो, (एजेन्सी)

गत महिना टोरोन्टोमा आफ्नै निवासमा मृत फेला परेका क्यानडाली अर्बपति दम्पतीको सुनियोजित ढंगले हत्या गरिएको प्रहरीले शुक्रबार जनाएको छ। ७५ वर्षीय ब्यारी र ७० वर्षीया हनि सर्मनको शव १५ डिसेम्बरमा फेलापरेको थियो। प्रहरीले अहिलेसम्म यस सम्बन्धमा कसैलाई अभियोग नलगाइएको जानकारी दिएको छ। ब्यारी सर्मन क्यानडाकै सबैभन्दा धनी पुरुषमध्ये एक हुन् भने उनकी पत्नी चर्चित समाजसेवी हुन्। शुरूमा प्रहरीले यस घटनालाई सामूहिक आत्महत्या हुनुपर्ने आधारमा अनुसन्धान गरेको थियो।

### आयरल्यान्ड

#### प्रतिबन्ध हटाइने

वेलफास्ट, (एजेन्सी)

आयरल्यान्डका प्रधानमन्त्री लियो भार्डकरले शनिबार अहिलेसम्म झन्डै पूर्णत: प्रतिबन्धित अवस्थामा रहेको गर्भपतनलाई सहज बनाउन आवश्यक पहल गरिने जानकारी बीबीसीलाई दिएका छन्। यसअघि उनले गर्भपतनसम्बन्धी कानुन निकै कडा भएको प्रतिक्रिया दिएका थिए। केही समयपछि गर्भपतनमाथि लगाइएको प्रतिबन्ध हटाउन संविधान संशोधन गर्ने कि नगर्ने भन्ने विषयमा जनमत संग्रहको आयोजना हुने बताइएको छ। आयरल्यान्डको आठौं संशोधनले नजन्मेका शिशुको बाँच्न पाउने अधिकारको संरक्षण गरेको थियो। बलात्कारबाट बसेको गर्भसमेत पतन गर्न नसकिने कानुन रहेको थियो।

### पाकिस्तान

#### उद्धार शुरू

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको दोस्रो सबैभन्दा ठूलो पहाडमा अलपत्र परेका एक पोलिस पुरुष र अर्को एक फ्रेन्च महिलाको खोजी तथा उद्धार कार्य शनिबार शुरू गरिएको सरकारी सूत्रले जनाएको छ। किलर माउन्टेनको उपनामले पनि चिनिने नान्गा पर्वतबाट ओर्लिने क्रममा ती पर्वतारोहीद्वय टोमेक म्याकिविक्ज र एलिजावेथ रिभोल ७ हजार ४ सय मिटर उचाइमा फसेका थिए। ८ हजार १ सय २० मिटर उचाइको सो पर्वतबाट ओर्लन सहयोगका लागि तिनीहरूले एउटा स्याटलाइट फोनमार्फत गुहारेको सञ्चारमाध्यमले जनाएको छ।

# भेनेजुयलामाथि कडा प्रतिबन्धको आह्वान

## स्पेनी राजदूत निष्कासित



पेरिस, (एजेन्सी)

फ्रान्सका राष्ट्रपति इमान्युयल म्याक्रोनले शनिबार भेनेजुयलालाई प्रजातन्त्र र मानवअधिकारको उल्लंघन गर्दै त्यसमाथि कडा प्रतिबन्ध लगाउन आह्वान गरेका छन्। उनले लामो समयदेखि भेनेजुयलामा प्रजातन्त्रको अस्तित्व नरहेको प्रतिक्रिया जनाएका छन्।

भेनेजुयलाको राजधानी काराकासस्थित सर्वोच्च अदालतले आगामी अप्रिलमा हुने राष्ट्रपतीय चुनावमा मुख्य विपक्षी पार्टीलाई प्रतिबन्ध लगाउने घोषणा गरेपछि म्याक्रोनले त्यहाँ प्रजातन्त्रको पुनर्स्थापनाका लागि आह्वान गर्दै यसरी कडा प्रतिक्रिया जनाएका हुन्।

यसैबीच भेनेजुयलाले आफ्नो आन्तरिक मामिलामा अनावश्यक दखल दिएको आरोप लगाउँदै काराकासका लागि स्पेनी राजदूत जिसस सिल्भा फर्नान्डेजलाई निष्कासन गरेको छ। स्पेनले ती आरोपहरू अस्वीकार गर्दै यसको सही जवाफ फर्काउने चेतावनी दिएको छ। युरोपेली संघ (ईयू)ले सात जना वरिष्ठ भेनेजुयलियन अधिकारीको सम्पत्ति रोक्का गर्दै तिनीहरूको भ्रमणमा प्रतिबन्ध लगाएपछि भेनेजुयलाले यो कारबाहीको घोषणा गरेको हो।

राष्ट्रपति निकोलस मादुरोले स्पेनले ईयूलाई कारबाही गर्न दबाब दिएको तथा आफूलाई अपदस्थ गर्ने षड्यन्त्र रचेको बताएका छन्। ईयूले गत वर्ष सरकारविरुद्धको विरोध प्रदर्शन दबाउन भेनेजुयलाले मानव अधिकार उल्लंघन गर्दै हिंसात्मक दमन गरेको आरोप लगाएको छ। सो प्रदर्शनको दौरान १ सय २० व्यक्तिको ज्यान गएको थियो।

यसैबीच मंगलबार भेनेजुयलाको संविधानसभाले पूर्वनिर्धारित समयअगावै राष्ट्रपतीय चुनावको घोषणा गर्न लागेको जनाएको थियो। परम्परागतरूपमा डिसेम्बरमा हुँदै आएको सो चुनाव आगामी अप्रिलको उत्तरार्धमा हुन लागेको बताइएको छ। भेनेजुयलाका विदेशमन्त्री जोर्गे एर्रिजाले ईयूको कारबाहीको जवाफमा राजदूतमाथि कारबाही गरिएको जानकारी दिएका छन्। फेरि अर्को छ वर्षीय कार्यकालका लागि चुनावमा उठ्न लागेका मादुरोले अब साम्राज्यवादीहरूको धम्की समाप्त पार्ने समय आइसकेको बताएका छन्।

विश्वकै सबैभन्दा मुद्रा अवमूल्यन हुने राष्ट्रका रूपमा चिनिने भेनेजुयलामा औषधिलगायत अन्य आधारभूत वस्तुहरूको वर्षौंदेखि अभाव हुँदै आएको छ। मादुरोले अन्तर्राष्ट्रिय आर्थिक संकटका लागि स्पेन र अमेरिका जिम्मेवार रहेको आरोप लगाएका छन्। उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प वा स्पेनका प्रधानमन्त्री मारियानो राजेयले भेनेजुयलाको आन्तरिक मामिलामा निर्णय दिन नसक्ने बताएका छन्।

# ट्रम्प रक्षा बजेट बढाउने योजनामा

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी वर्ष रक्षा बजेटमा वृद्धि गर्न लागेको समाचार सार्वजनिक भएको छ। उनले सन् २०१९ अर्थात् आगामी वर्षका लागि ७ सय १६ अर्ब अमेरिकी डलर बराबरको बजेट प्रस्ताव गर्ने सरकारी सूत्रले जनाएको छ।

कंग्रेसबाट सो बजेट विधेयक पारित हुने हो वा होइन भन्ने अनिश्चितता कायमै छ। तर रक्षा अधिकारीहरूले भने ट्रम्पले सो बजेट प्रस्ताव राख्न लागेको पुष्टि गरहेका छन्। अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै अमेरिकी अखबार वासिङ्टन पोस्टले यदि सो बजेट पारित हुने हो भने त्यसको आकार सन् २०१८ को रक्षा बजेटभन्दा ९ प्रतिशतले बढी हुने जनाएको छ।

राष्ट्रपतिको यस मनसायमाथि अमेरिकी रक्षा मन्त्रालयले विचार विमर्श गरिरहेको बताइएको छ। उनको योजना मुताबिक आउने बजेटको आकार अघिल्लो वर्षको तुलनामा निकै ठूलो हुने बताइएको छ। ट्रम्पले आफ्नो प्रस्तावमा हाल अमेरिकी नेतृत्वमा चलिरहेका युद्ध र अमेरिकी हतियार भण्डार निर्माणका लागि बजेट आवश्यक रहेको उल्लेख गरिएको बुझिएको छ।

अमेरिकी रक्षामन्त्री जिम म्याटिसले गत साता अघि सारेको प्रस्तावअनुसार सो बजेट आउन लागेको अनुमान गरिएको छ। उनले राष्ट्रिय सुरक्षा नीति प्रस्तुत गर्ने क्रममा अमेरिकी सरकारले सेनाको सशक्तीकरणका लागि योजना बनाएको र त्यसै क्रममा आगमी रक्षा बजेटमा वृद्धि हुने बताएका थिए। यसैको आधारमा ट्रम्पको बजेट प्रस्ताव आएको हुनुपर्ने अनुमान गरिएको छ।



# चर्चित प्रस्तोता विन्फ्रेले चुनाव नलड्ने




वासिङ्टन, (एजेन्सी)

विश्व चर्चित टेलिभिजन प्रस्तोता ओपराह विन्फ्रेले अमेरिकी पत्रिका इन्स्टाइललाई आफूलाई अमेरिकी राष्ट्रपति बन्ने कुनै रहर नरहेको बताएकी छिन्। राजनीतिक विश्लेषकहरूले उनलाई लामो समयदेखि सन् २०२० को अमेरिकी राष्ट्रपतीय चुनावमा भावी डेमोक्रेटिक उम्मेदवारका रूपमा हेर्दै आएका थिए।

यसै महिनाको शुरूमा गोल्डेन ग्लोब्स कार्यक्रममा उनले दिएको जोडदार भाषणले त झनै त्यो अनुमानलाई थप पुष्टि गरेको थियो। तर उनले इन्स्टाइललाई भनेकी छिन्- 'मैले के गर्न सक्छु र के गर्न सक्दिनँ भन्ने कुरामा म सदैव आश्वस्त हुने गरेको छु। त्यसैले राजनीति गर्नु वा राष्ट्रपति बन्नु मेरो चहानाको विषय होइन। यदि सन् २०२० को राष्ट्रपतीय चुनावमा विन्फ्रेविरुद्ध लड्नुपर्ने सम्भावनाबारे सोधिएको प्रश्नको उत्तरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भनेका छन्- 'ओहो! रमाइलो हुनेछ। म उनलाई हराइहाल्छु नि!'

लामो समयदेखि टेलिभिजनमा रोचक वार्ता कार्यक्रम सञ्चालन गर्दै आएकी विन्फ्रेका बारे अमेरिकाको हरेक घरमा कुराकानी हुने गर्दछ। चलचित्रमा अभिनय र निर्माताको समेत भूमिका निभाउने उनले अहिले आफ्नै केबल च्यानल चलाइरहेकी छिन्। गत जनवरीमा गोल्डन ग्लोब्स कार्यक्रममा मनोरञ्जन क्षेत्रमा उल्लेखनीय योगदान गरेबापत उनलाई प्रतिष्ठित सेसिल बि डिमिल्ले अवार्डबाट सम्मान गरिएको थियो।

# आत्मघाती एम्बुलेन्स बम विस्फोट

## ९५ को मृत्यु

काबुल, (एजेन्सी)

अफगानिस्तानको राजधानी काबुलको मध्यभागमा स्थानीय समयअनुसार शनिबार अपराह्न करिब १२ बजेर १५ मिनेट जाँदा भएको एक शक्तिशाली आत्मघाती बम विस्फोटको कारण कम्तीमा ९५ जनाको ज्यान जानुका साथै अन्य १ सय ५८ जना घाइते भएको सरकारी अधिकारीहरूले बताएका छन्।

आक्रमणकारीहरूले विस्फोटक पदार्थले टन्न भरिएको एउटो एम्बुलेन्स सर्वसाधारणको बढी चहलपहल हुने काबुलको व्यस्त सडकनजिकको एउटा प्रहरी चौकीसामु विस्फोट गराएको सुरक्षा सूत्रले जनाएको छ। गृहमन्त्रालयको पुरानो भवन, युरोपेली संघ र उच्च शान्ति परिषद्को कार्यालयनजिक यो आक्रमण गरिएको बताइएको छ।

लडाकू समूह तालिवानले यस आक्रमणको औपचारिक रूपमा जिम्मेवारी लिएको छ। एक साताअघि मात्र काबुलमै रहेको एक भव्य होटलमा तालिवान लडाकूहरूले नै गरेको आक्रमणमा २२ जनाको ज्यान गएको थियो। प्रत्यक्षदर्शीले सो विस्फोट हुँदा प्रहरी प्रधान कार्यालय र विदेशी दूतावासहरू रहेको सो क्षेत्रमा थुप्रै मानिस रहेको बताएका छन्। अस्पताल सूत्रले धेरैजस्तो घाइतेको स्थिति चिन्ताजनक रहेकाले मृतकको संख्या बढ्न सक्ने जनाएको छ। कट्टरपन्थी इस्लामिक मुभमेन्टको नेतृत्व गर्ने तालिवानले अफगानिस्तान र छिमेकी मुलुक पाकिस्तानको ठूलो भू-भागमा नियन्त्रण जमाएको छ।



विगत एक वर्षदेखि काबुललाई लक्षित गर्दै लडाकू समूह इस्लामिक स्टेट (आईएस) र तालिवानले शृंखलाबद्ध बम आक्रमण गर्दै आएका छन्।

अमेरिकामा सन् २००१ को ११ सेप्टेम्बरमा ओसामा विन लादेनको नेतृत्वमा रहेको लडाकू समूह अलकायदाले आतंककारी हमला गरेपछि तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यू बुसले प्रारम्भ गरेको आतंकवादविरुद्धको विश्वव्यापी अभियानको दौरान अमेरिकाले अफगानिस्तानमा सैनिक कारबाही अघि बढाएको थियो।

# रोगी कैदी मृत्युदण्डबाट बचे

वासिङ्टन, (एजेन्सी)

अमेरिकाको सर्वोच्च अदालतले अलवामाका एक कैदीलाई अन्तिम समयमा मृत्युदण्ड नदिन आदेश दिएको छ। भेर्नोन म्याडिसन नामक ती ६७ वर्षीय कैदीका वकिलहरूले उनी स्मरणशक्ति गुम्ने रोगबाट पीडित रहेको दाबी गरेपछि अचानक अदालतले उनको मृत्युदण्ड रोकेको हो।

उनलाई सन् १९८५ मा एक प्रहरीको हत्या गरेको अभियोगमा मृत्युदण्ड सुनाइएको हो। तर उनका वकिलहरूले उनले सो हत्याको घटनासमेत सम्झिन नसकेको बताएका छन्। उनले मोबाइल शहरमा जुलियस स्कुल्ट नामक प्रहरी अधिकारीको हत्या गरेका थिए। उनको मानसिक स्थितिको वास्तविकता जान्न आवश्यक अध्ययन, अनुसन्धान र परीक्षणका लागि उनको मृत्युदण्डमा ढिलाइ भएको थियो। यसअघि अमेरिकाको सर्वोच्च अदालतले मृत्युदण्ड दिइन लागेका कुनै पनि कैदीले आफूलाई के कारण सो सजाय दिइन लागेको भन्ने बुझ्नु जरुरी रहेको जनाएको थियो।

म्याडिसनका मेडिकल टोलीले उनी पटकपटक मस्तिष्कघातबाट पीडित हुन पुगेकाले उनको स्मरणशक्तिमा क्षति पुगेको र वैधानिक रूपमा अन्धा उनी वाकरको सहाराबिना हिँड्नसमेत नसक्ने बताएको छ। म्याडिसनलाई यस्तो हालतमा मृत्युदण्ड दिनु क्रूरता हुने न्यायाधीश ब्रायन स्टेन्सनले बताएका छन्। आफ्नो गर्लफ्रेन्डसँग घरेलु मामिलामा विवाद भइरहेका बेला हस्तक्षेप गर्न आएका प्रहरीको उनले गोली हानी हत्या गरेका थिए।



> २०७२ सालबाट सञ्चालनमा आएको दिक्तेल प्राविधिक शिक्षालयमा अध्ययन गरेर लोक सेवा आयोगको परीक्षा दिएकामध्ये ५१ जनाले वन प्राविधिक र १४ जनाले सब-ओभरसियरमा नाम निकालेर सरकारी जागिरे भएका छन्।

# राजधानीको माग गर्दै वीरगन्जमा जनप्रदर्शन

**नेपाल समाचारपत्र**
वीरगन्ज

सरकारले २ नम्बर प्रदेशको अस्थायी मुकाम जनकपुर तोकेको बिरोधमा वीरगन्जमा जारी राखिएको आन्दोलनका क्रममा शनिबार प्रदर्शन गरिएको छ।

वीरगन्जलाई राजधानी बनाउन गठन गरिएको संघर्ष समितिको आह्वानमा शनिबार वीरगन्जमा प्रदर्शन गरिएको हो। वीरगन्जलाई राजधानीको माग गर्दै बिगत २५ दिनदेखि आन्दोलन जारी राखिएको छ। शनिबार पनि वीरगन्जको घण्टाघरमा रिले अनसन कायम राखिएको छ। अनसनमा आन्दोलनकारीहरुले स्कुले विद्यार्थीहरुलाई समेत सहभागी गराएका छन्।



सरकारले आफूहरुको माग नसुनेका कारण आन्दोलन झनै कडाइ गर्नुपरेको संघर्ष समितिका सदस्य एवम् तरुण दल बाराका अध्यक्ष लुकेश सिंहले बताए। उनले वीरगन्जमा आन्दोलन जारी रहेकै अवस्थामा सरकारले जनकपुर राजधानी घोषणा गरेर आफूहरुलाई अन्याय गरेको बताएका छन्। आन्दोलनमा पूर्वसांसद राजकुमार गुप्तालगायतको सहभागिता रहेको छ। वीरगन्ज राजधानी माग गर्दै गठित संघर्ष समितिले माघ २१ गते वीरगन्ज बन्दको समेत आह्वान गरेको छ। आन्दोलनमा नेपाली कांग्रेस, एमाले र माओवादीलगायतका दलका नेता कार्यकर्ताहरुको सहभागिता रहेको छ।

यद्यपि मधेसवादी दलका नेता कार्यकर्ताहरुको भने खासै उपस्थिति रहेको छैन। केही दिनअघि मात्रै काठमाडौंमा राजपाका नेता एवम् पर्सा क्षेत्र नम्बर ४ का सांसद लक्ष्मणलाल कर्णले वीरगन्ज राजधानी हुन नसक्ने कुरा बताएपछि यहाँको वातावरण झनै बिग्रिएको केही आन्दोलनकारीहरुले टिप्पणी गरेका छन्। कर्णले चुनावमा हारेकाहरुले मात्रै वीरगन्जमा नाटक गरेको भन्दै जनकपुर नै २ नम्बर प्रदेशको स्थायी राजधानीसमेत हुने बताएका थिए।

## प्रदेश बैठकको मिति र स्थान तोकिने

सुर्खेत, (नेस)

प्रदेश सरकार गठन गर्ने दिन नजिकिँदै जाँदा कर्मचारीमा भने अन्यौल बढेको छ। नयाँ संरचना भएको र संसदीय फाँटका सहसचिवलगायतका अन्य कर्मचारी अझै सुर्खेत आइनपुग्दा यस्तो हुन गएको बताइएको छ।

कार्यालय तथा मन्त्रालयहरुमा चाहिने आवश्यक सामानहरु खरिद गर्न तथा मर्मत सम्भार गर्न माग गरेको बजेट नआउँदा काम गर्न गाह्रो भएको प्रदेश सचिव भरत ढुगांनाले बताए। उनका अनुसार अहिले प्रदेश सचिव बस्ने कोठा समेत नभएकाले काम गर्न गाह्रो भएको छ।

उनले प्रदेश प्रमुख र प्रदेश कार्यालयका लागि गाडीको समेत व्यवस्थापन नहुँदा अहिले भाडामा गाडी लिएर चलाउनु परेको बताए। उनले भने, 'सरकारले क्षेत्रीय कार्यालयहरु खारेज गर्ने आदेश अहिलेसम्म नदिएकाले यस्तो समस्या झेल्नुपरेको हो।' यस्तै सचिव ढुंगानाका अनुसार आफू शुक्रबार मात्रै आएको र अन्य कर्मचारी अहिलेसम्म नआइसकेकाले काम गर्न अन्यौलता बढेको जनाए। उनले भने- 'हामी सबै संसदीय फाँटका लागि नयाँ छौं, अनुभवी कर्मचारी नआउँदा हामीलाई व्यवस्थापन गर्न गाह्रो भएको छ।' उनले अहिलेसम्म उपसचिवहरु नआइसकेको हुँदा काममा केही चाप बढेको बताए। उनले आएका कर्मचारीले पनि कसरी काम गर्ने भन्ने बारेमा अन्यौलता बढेको प्रष्ट्याए।

यसैबीच आज आइतबार प्रदेश प्रमुखले वैठकको मिति, समय र स्थानबारे दलहरुसँग छलफल गरी तोक्ने भएका छन्। सचिव ढुंगानाका अनुसार आफूहरुले जिल्ला समन्वय समितिको हल र सिंचाइ डिभिजन कार्यालयको हल पहिलो बैठकका लागि निरीक्षण गरिएको छ। यी २ हलमध्ये आजै कुन हलमा पहिलो बैठक राख्ने भन्ने समेत निक्योँल हुनेछ।

शैक्षिक तालिम केन्द्रमा संसद् भवन बनाइने भए तापनि अहिलेसम्म कुनै पनि काम हुन सकेको छैन।

## प्राविधिक शिक्षाप्रति विद्यार्थीको आकर्षण

खोटाङ, (नेस)

प्राविधिक शिक्षा हासिल गरेलगत्तै योग्यताको आधारमा सरकारी तथा गैरसरकारी संस्थामा रोजगारी पाउने भएपछि पछिल्लो समय खोटाङका विद्यार्थीहरु प्राविधिक शिक्षाप्रति आकर्षित हुन थालेका छन्। २ नगरपालिका र ८ गाउँपालिका रहेको जिल्लामा पछिल्लो २ वर्षको अवधिमा २ वटा प्राविधिक शिक्षा अध्ययन हुने शिक्षालय सञ्चालनमा आएपछि विद्यार्थीहरु प्राविधिक शिक्षाप्रति आकर्षित बनेका हुन्।

रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेलस्थित दिक्तेल प्राविधिक शिक्षालयमा विभिन्न विषय र पञ्च माविमा बाली विज्ञान विषयको पढाइ हुने गरेको छ। स्थापना भएको २ वर्षमै ६५ जनाले सरकारी जागिरमा नाम निकालेपछि दिक्तेल प्राविधिक शिक्षालयमा अहिले २ सय विद्यार्थी अध्ययनरत छन्। सब-ओभरसियर, वन प्राविधिक, कृषि तथा पशु प्राविधिक, ब्युटिसियन र मोवाइल मर्मतलगायतमा पढाइ हुने शिक्षालयले सीटीईभीटीको मान्यता प्राप्त गरेको छ।

२०७२ सालबाट सञ्चालनमा आएको दिक्तेल प्राविधिक शिक्षालयमा अध्ययन गरेर लोक सेवा आयोगको परीक्षा दिएकामध्ये ५१ जनाले वन प्राविधिक र १४ जनाले सब-ओभरसियरमा नाम निकालेर सरकारी जागिरे भएका छन्। प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीले सरकारी सेवामा धमाधम नाम निकालेपछि अहिले स्नातकोत्तर गरेर बसेका व्यक्ति पनि प्राविधिक शिक्षा अध्ययन गर्न थालेका छन्।

प्राविधिक शिक्षाप्रति विद्यार्थीको आकषर्ण बढ्दै गएपछि पछिल्लो समय विद्यार्थीको चाप धान्न गाह्रो भएको दिक्तेल प्राविधिक शिक्षालयका प्रमुख सीताराम राईले बताउनुभयो। आफ्नो शिक्षालयमा अध्ययन गर्ने विद्यार्थी कोही पनि बेरोजगार बस्न नपरेको राईको भनाइ छ।

# नेपालगन्जमा ६० जनाद्वारा रक्तदान

**नेपाल समाचारपत्र**
नेपालगन्ज

नेपालगन्जमा आयोजित 'वृहत् रक्तदान कार्यक्रम' मा ८ जना महिलासहित ६० जनाले रक्तदान गरेका छन्।



स्थानीय जनमत अर्द्धसाप्ताहिकद्वारा हिमालयन बैंक लिमिटेड नेपालगन्ज शाखा तथा उक्त बैंकको कर्मचारी संगठनसंगको सहकार्यमा आयोजित सो कार्यक्रममा पत्रकार, व्यवसायी, शिक्षक, कर्मचारीलगायतले रक्तदान गर्नुभएको थियो।

नेपाल पत्रकार महासंघका निवर्तमान केन्द्रीय सदस्य झलक गैरे, हिमालयन बैंक लिमिटेड नेपालगन्ज शाखाका प्रबन्धक शैलेन्द्रमान श्रेष्ठ, स्वयम्सेवी रक्तदाता समाजका अध्यक्ष पदमा बस्नेत, लोकप्रिय सन्देश दैनिकका सम्पादक गोविन्द शर्मा, भिजन टेलिभिजनका भगतराम चौधरी, रेडियो कृष्णसारका प्रमोद डीजी., योगराज चौधरी (योगेश), आँशु श्रेष्ठ, मेघराज जीएम, निराजन उपाध्याय र प्रह्लाद विश्वकर्माले रक्तदान गर्नुभएको थियो।

यसैगरी रक्तदान गर्नेमा सो बैंकको नेपालगन्ज शाखाका गोकुल ज्ञवाली, सरोज रेग्मी, दिनेश दाहाल, विनिता श्रेष्ठ, समन इकवाल सिद्दीकी, सुनिल चौधरी, फुलबहादुर स्यानतान, रोशनी पोखरेल, मनिषा पोखरेल, जुनी थारु, कमला चापाईं, नेपाल रेडक्रस सोसाइटी बाँकेका रविन्द्र कुमार मिश्र हुनुहुन्छ।

साथै विनोदकुमार वैश्य, पवनकुमार वैश्य, सुरेशकुमार वैश्य, भगवान शरण यादव, जवाहरलाल वर्मा, मनमोहन वर्मा, गंगाप्रसाद काँदू, जनकी गाउँपालिका वडा नं. ५ का वडाध्यक्ष रमेश कुमार वर्मा, धर्मेन्द्र सिंह, सद्भाव एफएम. का नरेन्द्र सिंह, अजबुद्दीन बागवान, मुस्ताक अहमद जसगढ, राजन वर्मा, कान्तिपुर दैनिकका शेरबहादुर बोहोरालगायतले रक्तदान गर्नुभएको थियो। जनमतको रजत वर्ष-२०६३ देखि 'रक्तदान जीवनदान' को उद्देश्यका साथ नियमित रूपमा सञ्चालित 'त्रैमासिक रक्तदान कार्यक्रम' को ३६औं शृङ्खलाका क्रममा उक्त बैंकको २५औं वार्षिकोत्सवको अवसरमा सो कार्यक्रम आयोजना गरिएको हो।

नेपाल राष्ट्र बैंक नेपालगन्ज शाखाका सहनिर्देशक पूर्णबहादुर महर्जन र बैंक कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष सुनिल शर्मा सापकोटाद्वारा ४ जना स्वयंसेवी रक्तदातालाई रगत संकलन गरिने पाकेट हस्तान्तरण गरिएपछि प्रारम्भ भएको उक्त कायक्रममा जनमतका सम्पादक पूर्णलाल चुकेले ११ वर्ष अघिदेखि निरन्तर यसरी नै रक्तदान गरिँदै आएको जानकारी दिनुभयो। सो अवसरमा रक्तदाता र सहयोग गर्नेहरुलाई प्रशंसापत्र तथा टिसर्ट प्रदान गरिएको थियो।

### १५ करोड...

'निवेदन आएका सबै विद्यालयलाई रकम वितरण गर्ने तयारी भइरहेको कुरा साँचो हो', अर्को एक समाचार स्रोतले नेपाल समाचारपत्रसँग भन्यो- 'मन्त्रालयले रकम बाँड्न ६ महिना अघिदेखि नै निवेदन संकलन गरिरहेको हो।'

स्मरणीय छ, गत वर्ष शिक्षा विभागले १ सय १८ वटा विद्यालयलाई नमुना विद्यालयका रूपमा छनोट गरी रकम दिने तयारी गर्दा मन्त्रीले अन्य विद्यालय पनि थप गर्नुपर्ने भन्दै फाइल फिर्ता पठाइदिनुभएको थियो। तत्कालीन शिक्षा सचिव शान्तबहादर श्रेष्ठ र मन्त्रीको मिलेमतोमा शिक्षा विभागका महानिर्देशक बाबुराम पौडेललाई मापदण्ड नै परिवर्तन गर्न लगाई २४ वटा विद्यालय थपेर अनुदान दिने निर्णय गर्नुभएको थियो। हाल देशभरका २ सय २४ वटा विद्यालयले नमुना छनोट भएर अनुदान पाएका छन्।

### फोर्ड गाडीमा...

लिखित जवाफबाट पनि गाडीको मूल्य बढ्नुको कारण खुलाउन नसके हामी ठगी मुद्दाका लागि सिफारिस गर्छौं' -नेपाल समाचारपत्रसँग कुरा गर्दै दाहालले भन्नुभयो।

जीओ अटोमोबाइल्स प्रालिले 'इको स्पोर्ट फोर्ड' १ दशमलव ५ लिटर पेट्रोल गाडीको मूल्यमा जम्मा लागत २२ लाख ५८ हजार २ सय ९२ रुपियाँ उल्लेख भएको देखिए पनि उक्त गाडी २४ लाख ८६ हजार ७ सय २५ रुपियाँमा बिक्री गरेको देखिन्छ। यसरी इको स्पोर्ट गाडीको बिक्रीमा कम्पनीले ग्राहकसँग २ लाख २८ हजार ४ सय ३२ रुपियाँ बढी लिइएको देखिन्छ। तर, कम्पनीले गाडीको वास्तविक मूल्यभन्दा बढाएको मूल्यमा ३ लाख ३६ हजार २ सय ८३ रुपियाँ छुट दिएको देखिन्छ। विभागले वास्तविक मूल्यभन्दा बढाई बिल जारी गर्नुको कारण स्पष्ट हुन नसकेको जनाएको छ। वास्तविक मूल्यभन्दा बढी मूल्य लिएर कम्पनीले ग्राहकलाई भारी छुटको भ्रम छर्दै आएको विभागको भनाइ छ।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले उक्त कम्पनीलाई के कति कारणले मूल्यमा फरक भएको हो ३ दिनभित्र लिखित जवाफ पेस गर्न दोस्रोपटक निर्देशन दिएको छ। बिहीबार जैनले दिएको बयान चित्तबुझ्दो नभेटिएकाले दोस्रो चरणको स्पष्टीकरण माग गरिएको बुझिएको छ। दोस्रो चरणको स्पष्टीकरण विभागलाई चित्त नबुझेको खण्डमा अनुगमनका क्रममा भेटिएका कैफियतबमोजिम ठगीको मुद्दा दर्ताका लागि महानगरीय प्रहरी परिसर, काठमाडौंलाई पत्र काटिने विभागले जनाएको छ।

कम्पनीले बेच्ने गरेका गाडीको बिक्रीमा गैरकानुनी शीर्षकमा अतिरिक्त रकम लिएको अनुगमन र प्रारम्भिक चरणको बयानबाट देखिएको विभागले जनाएको छ। गाडी बिक्रेता तथा वितरक कम्पनीले हरेक ग्राहकलाई गाडी खरिदमा विज्ञापन खर्च, प्रशासनिक खर्च, कर्मचारी तलब खर्च, पेट्रोल, मोबिल, हिटर फिटिङ, एक्ससरिज डेलिभरिजस्ता शीर्षकमा थप रकम असुल्ने गरेका छन्। त्यति मात्र नभई बिक्रेता कम्पनीले उपभोक्तालाई बैंक ब्याज, गाडी बिक्री हुनु अघि शोरुममा पार्क गरेको शुल्कसमेत उपभोक्तालाई तिराउने गरेका छन्।

जीओ अटोमोबाइल्सका कार्यकारी निर्देशक आकाश गोल्छाले कुनै वस्तु तथा सेवाको खरिद र बिक्री मूल्यमा देखिने मार्जिन (ग्रस प्रोफिट) मा अलग-अलग खर्च समावेश हुने गरेको तथा सो शुल्कसमेत जोडेर गाडी बिक्री गर्दा आएको नाफा (नेट प्रोफिट) मात्र कम्पनीले लिने गरेको बताउनुभयो।

विश्वव्यापी रूपमा स्थापित व्यवसायको यही सिद्धान्तलाई आधार मानी व्यापार अघि बढेको गोल्छाको दाबी छ। आयकर तिर्दा पनि कम्पनीले सोहीअनुसार तिर्दै आएको तथा यदि व्यापारीलाई केही नाफा नरहने हो भने व्यवसाय गर्नुको पनि औचित्य नरहेको उहाँको भनाइ छ। वस्तु बिक्रेता कम्पनीले आफूले किनेको मूल्य र भन्सारपछिको मूल्यमा बाहेक यातायात खर्च भण्डारण खर्चलगायत विभिन्न खर्च थपिँदै जाने हुनाले कम्पनीको खरिद मूल्य र उपभोक्तालाई बिक्री गर्ने मूल्य समान हुनै नसक्ने उहाँले दाबी गर्नुभयो।

कालोबजारी तथा अन्य केही अपराध तथा सजाय ऐन २०३२ अनुसार अतिरिक्त २० प्रतिशतसम्म रकम जोडेर वस्तु बिक्री गर्दा कालोबजारी गरेको ठहऱ्याइने उल्लेख गरेको छ। तर, सो कम्पनीले भने विज्ञापन खर्च, प्रशासनिक खर्चलगायत फरक-फरक शीर्षकमा शुल्क लिएको पाइएको विभागले जानकारी दिएको छ। ऐनअनुसार माल वस्तुको उत्पादक, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई कसैले कुनै मालवस्तु बिक्री गरेमा सो माल सामान लिएको मोल फिर्ता गराई सो माल वस्तु जफत गरी निजलाई १० वर्षसम्म कैद छ र जरिवानासमेत हुन सक्ने कानुनी व्यवस्था छ।

सोही ऐनले कुनै मालवस्तुको व्यापार गर्ने व्यक्तिले माल वस्तु र व्यापारको प्रचलनअनुसार सामान्यतया २० प्रतिशतभन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो मालवस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई ५ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ।

### स्वराज...

भावी प्रधानमन्त्रीका रूपमा चर्चामा रहनुभएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको टेलिफोन संवाद दोहोरिरहेको छ। त्यसैले स्वराज नयाँ सरकार गठन हुनुअघि नै नेपाल आउने तयारीमा रहनुभएको मन्त्रालयका एक अधिकारीले बताए। तर परराष्ट्र मन्त्रालयका प्रवक्ता भरतराज पौडेलले यसबारे मन्त्रालयलाई औपचारिक जानकारी प्राप्त नभएको दाबी गर्नुभयो।

### छुट्टाछुट्टै...

सोही सुमोमा सवार घाइते ५ जनाको दुखनी देवी अस्पतालमा उपचार भइरहेको र जीपका चालक झापा, कमला गाउँपालिका- ५ का २८ वर्षीय सुदीपप्रसाद पोखरेल नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

यसै गरी हाम्रा पाँचथर संवाददाता गणेश साम्पाङका अनुसार ट्याक्सी दुर्घटनामा सोही वडाका १८ वर्षीय ट्याक्सीका सहचालक प्रवेश योङ्या र १६ वर्षीय सन्दीप योङयाको मृत्यु भएको हो। दुवै जनाको घटनास्थलमै मृत्यु भएको थियो। सोही दुर्घटनामा घाइते हुने ६ जनामा सोही वडाका बलराम योङ्या, मनोज गुरुङ, प्रकाश योङ्या, लक्ष्मण राई प्रदिप राई र इशाक योङ्या रहेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

Chhatradev Rural Municipality
**Office of the Rural Municipal Executive**
**Chhatragunj – Arghakhanchi**

**Invitation for Bids for procurement of "Supply and Delivery of Fabricated Steel Tubular Poles"**

**Contract Identification No: CRM/G/NCB/ARG/02/074/75**
**First Date of Publication: 2074/10/14 (28 January 2018)**

1. **The Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive,Chhatragunj– Arghakhanchi** has allocated funds for **Supply and Delivery of Fabricated Steel Tubular Poles** and the CRM intends to apply the funds to cover eligible payments under the Contract for **Supply and Delivery of Fabricated Steel Tubular Poles.** Bid is open to all eligible Nepalese Bidders.
2. The **Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi** invites sealed bids from registered Suppliers/fabricators for **Supply and Delivery of Fabricated Steel Tubular Poles** at the location of different ward office (1-8) of CRM, Arghakhanchi. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators/Suppliers should have experience of successfully completing **Supply and Delivery of Fabricated Steel Tubular Poles** for two times in the government offices of Nepal within last Five years. New fabricators/Suppliers may apply in joint venture with an eligible firm having the required experience. However, bids of such fabricators/suppliers shall be considered responsive only in case fabricators fulfill the requirements. The suppliers must have authoritative delearship.
4. Eligible Bidders may obtain further information at the office of **Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi, Phone: Phone No.: 077-690573, 077-690574, Mr. Bhesh Raj Panth, Mo.No. 9857066971, Email: chhatradev.ruralmun@gmail.com.**
5. Bidder must submit their bid electronically and may down load the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost amounting Nrs 3000/- bidding document in the office's Sanchit account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank**: Rastriya Banijya Bank, Branch office, Arghakhanchi
   **Office Account no.**: 3050304018105
   **Name of Office: - Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi**
6. Bids must be submitted electronically to the **www.bolpatra.gov.np,** on or before **12:00 hours** on **2074/11/15 (February 27, 2018)**. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi** on **13:00 hours, 2074/11/15 (February 27, 2018)** at the office of **CRM, Arghakhanchi**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to as stated in Table given below, which shall be **valid for 30 days** beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Account Name: **Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi** Bank Name: Rastriya Banijya Bank Arghakhanchi . Account Number: Dharauti Account 3050303007105 and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall be held at the office of, **Chhatradev Rural Municipality, Office of the Rural Municipal Executive, Chhatragunj – Arghakhanchi** at **11:00 hours** on **2074/11/03 (February 15, 2018).**
11. The name and identification of the contract are as follows:

| Identification No. | Description of Work | Bid Security Amount (Rs.) | Remarks |
|---|---|---|---|
| **CRM/G/NCB/ARG/02/074/75** | Supply and Delivery of **Supply and Delivery of Fabricated Steel Tubular Poles** at the location of CRM, Arghakhanchi | **3,87,450.00** | |

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.



# अर्थ

जसले घर बनाउन शुरू गरिसक्यो त्यो निजी आवास निर्माण कार्यक्रमभित्र समावेश भइसक्यो। जुन यही आर्थिक वर्षमा सक्ने लक्ष्य छ। यसमा समस्या आयो भने हामी केही कन्सिडर गर्छौं। यसमा पनि हामी एक-एक गरेर निर्णय गर्छौं।आएका गुनासो वास्तविक हो भन्ने हामी पहिचान गर्छौं। त्यसमा संयन्त्र र स्थानीय सरकारसँग समन्वय गर्छौं।

# ‘थप एक लाख दिन कार्यविधि संशोधन गर्नुपर्छ’



**यमलाल भूसाल**
प्रवक्ता राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

विनासकारी भुकम्प गएको तीन वर्ष पुग्नैलाग्दा पनि अधिकांश भूकम्पपीडित टहरामै बस्नुपर्ने स्थिति छ। यसैबीचमा सरकारले पीडितलाई थप एकलाई अनुदान उपलब्ध गराउने निर्णय गरेको छ। प्रभावित क्षेत्रमा सरकारी तथा निजी आवासीय भवनको जिम्मेवारी पाएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्य प्रभावकारी रूपमा अघि बढेको देखिँदैन। पछिल्लो समय प्राधिकरणले गरिरहेको काम, हालसम्मको अवस्था र आगामी दिनका कार्ययोजनाका विषयमा प्राधिकरणका प्रवक्ता यमलाल भूसालसँग नेपाल समाचारपत्रका लागि दीपेन्द्र थापा र हेमन्त जोशीले गरेको कुराकानी :

**भूकम्पपीडितका लागि आवास निर्माण तथा जीविकोपार्जनका लागि प्राधिकरणले काम गरिरहेको छ। तर, ३३ महिनाको अवधिमा १२ प्रतिशतमात्रै आवासीय भवन निर्माण भएको देखिन्छ। प्राधिकरण सुस्ताएको हो अथवा के कारणले अपेक्षित रूपमा काम गर्न नसकेको हो ?**

हामी सुस्ताएका छैनौं। पुनर्निर्माणको कार्यलाई विश्लेषण गर्दा यसलाई विभिन्न वर्गमा राखेर हेर्नुपर्ने हुन्छ। जस्तो कि निजी आवास निर्माणको एउटा अभियान छ। अर्को भनेको विद्यालय, स्वास्थ्य संस्था, सुरक्षा निकायका भवन, सांस्कृतिक र पुरातात्विक सम्पदालगायत सरकारी भवनको पुनर्निर्माण गरिरहेका छौं।

भूकम्पले क्षति पुर्‍याएका संरचनालाई हामीले सबल अवस्थामा पुर्‍याउनु पर्नेछ। पहिले हामी नीतिनिर्माण, कार्यविधि निर्माणलगायतका कामका बढी समय व्यतित गर्‍यौं। यस अर्थमा पनि भूकम्पपीडितको नजरबाट हेर्दा उहाँहरूले सोचे अनुरूप काम भएन भन्नु स्वभाविक हो। तर, पुनर्निर्माण प्राधिकरणको तर्फबाट हामीले बोल्दा हाम्रा चुनौती र त्यसका दायरा पनि छन्। अहिले पुनर्निर्माणको क्रममा बढी दबाब रहेको भनेको निजी आवास निर्माणमा हो, जुन अहिले तीव्र गतिमा अगाडि बढिरहेको छ।

**प्राधिकरणको तथ्यांकअनुसार हालसम्म कति प्रतिशत भूकम्पपीडितले घर निर्माण गरिसकेका छन् ?**

अहिले २ लाख ७५ हजार घर पुनर्निर्माणको क्रममा छन्। यो संख्या दिन प्रतिदिन बढिरहेको छ। यो भनेको १४ जिल्लाको संख्या हो। अन्य १७ जिल्लामा निर्माण भइसकेको र निर्माणको चरणमा रहेको घरको संख्या भने संकलन भइरहेको छ। हामीले शहरी विकास मन्त्रालयको संयन्त्रबाट त्यो संख्या संकलन गर्दैछौं। हामीले घर निर्माणको विभिन्न चरणसँगै अनुदानको किस्ता पनि वितरण गरिरहेका छौं। त्यसमा पनि हामीले निजी आवास निर्माणको समय सीमासहित काम गरिरहेका छौं।

सबै खालका भूकम्पपीडित र उहाँहरूको आवास निर्माणलाई एउटै शीर्षकमा राखेर हेर्नु हुँदैन। समग्रमा पुनर्निर्माणको गति अहिले अपेक्षाकृत रूपमा अगाडि बढिरहेको छ। ७ लाख ६७ हजार लाभग्राही रहेकोमा त्यसको ८७ प्रतिशत भाग १४ जिल्लामा केन्द्रित रहेको छ। बाँकी १७ जिल्लामा १३ प्रतिशत छ। १४ जिल्लाको तथ्यांक हेर्दा २ लाख ७५ हजार घर निर्माणको क्रममा रहेका छन्। अहिले घर निर्माणको समय पनि हो। अबको केही समयमा नै यो तथ्यांकमा धेरै वृद्धि देखिने हाम्रो अनुमान रहेको छ। अहिले २ लाख ५ हजार घर दोस्रो किस्ताको निम्ति प्रमाणीकरण भइसकेको छ।

**तपाईले प्राधिकरणले उल्लेख्य कार्यप्रगति गरिरहेको भनिरहँदा अधिकांश भूकम्पपीडित अझै टहरामै बसिरहेको अवस्था देखिन्छ। यस अर्थमा त प्राधिकरण सुस्ताएको भन्ने कुरा जायज हो कि ?**

हामी प्रजातान्त्रिक मुलुकमा बसिरहेका छौं। आलोचना, समालोचना प्रजातन्त्रको सुन्दरता हो। सञ्चार माध्यमले पनि यसको बारेमा राम्रो नराम्रो सबै समेट्दै आएको छ। कसले कस्तो खालको र कुन आधारमा रहेर विश्लेषण गर्‍यो भन्ने कुरा महत्त्व राख्छ। हाम्रा ७ लाख ६७ हजार लाभग्राही रहेका छन्। ती सबैको घर निर्माण गर्नुपर्ने दायित्व प्राधिकरण सामु रहेको छ। सबै पीडितको घर निर्माण गर्नको लागि सरकारले अनुदान दिने कार्यविधि बनाएको छ, सरकारको दायित्व पनि हो। हामी पनि सोही अनुसार चलिरहेका छौं।

**आजसम्म निर्माण भएका आवासीय भवन प्रँधिकरणको अनुदानबाट बनेकोभन्दा बढी पीडित आफैंले र अन्य निकायले बनाएका बढी छन् नि ?**

सरकारको दायित्वलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा जति पनि सरकारी गैरसरकारी संस्था घर बनाउनको लागि इच्छुक देखिए ती सबैलाई समेटेर हामीले एउटै प्रणाली र कार्यविधिभित्र अटाउने गरी काम शुरू गर्‍यौं। कुन गैरसरकारी संस्थाले कुन जिल्ला तथा कुन ठाउँमा घर निर्माणको लागि अनुदान दिन चाहान्छौं भनेर हामीले आह्वान गर्‍यौं। सोही आधारमा उहाँहरूले प्रस्तावहरू पेश गर्नुभयो र हामीले अनुमति दियौं। यस अर्थमा भवन जसले निर्माण गरेपनि हामी एउटै कार्यविधि र संयन्त्रभित्र रहेर काम गरिरहेका छौं।

**हालै सरकारले भूकम्पपीडितलाई थप १ लाख रुपियाँ दिने निर्णय गरेको छ। त्यसलाई प्राधिकरणले कसरी कार्यान्वयनमा ल्याउँछ ?**

सरकारले एक लाख रुपियाँ थप दिने भने पनि उक्त रकम जीविकोपार्जनका लागि दिने अथवा घर निर्माणका लागि दिने भन्ने कुरा निक्यौंल भइसकेको छैन। यसका लागि कार्यविधि परिवर्तन गर्नुपर्ने देखिन्छ। अनुदान वितरणका लागि शीर्षक नै नछुट्याइएको अवस्थामा प्राधिकरणको निर्देशक समिति बैठकले कार्यविधि संशोधन गरेपछि अनुदान वितरणको काम प्राधिकरण गर्ने हो।

**प्राधिकरणमात्र नभई अन्य सरकारी, गैरसरकारी निकाय, बैंक, स्थानीय तहमा जनप्रतिनिधि पनि समावेश छन्। यी सबै निकायसँग प्राधिकरणले समन्यवय गर्न सकेको छैन भन्ने पनि छ नि ?**

समन्वय एकदमै महत्त्वपूर्ण हुन्छ र यो एकदमै चुनौतीपूर्ण पनि छ। अझ नेपालको कर्मचारीतन्त्रसँग समन्वय गर्ने काम झन् चुनौतीपूर्ण छ। हामीले केन्द्रमा समन्वय गर्नको लागि विभिन्न तहबाट प्रयास गरिरहेका छौं। जिल्लामा पनि समन्वय अभाव रहेको अवस्था छ। समन्वयलाई सहजीकरण गर्नको लागि अहिले जिल्लामा समन्वय समिति छ। निर्वाचित जनप्रतिनिधि समन्वय समितिको प्रमुख छन्। उहाँहरूमार्फत् अन्य निकायसँग समन्वय गर्ने प्रयास गरिरहेका छौं।

बैंक, सरकारी कार्यालयलगायत पुनर्निर्माणको पक्षसँग जोडिएका

> अहिलेसम्म २ लाखभन्दा बढी घरधनीको गुनासो संकलन भएको छ। ती गुनासो हामीले सम्बोधन गर्ने कोशिशमा छौं। यद्यपि, स्थानीय सरकारसँग समन्वय नगरी यो फछ्र्यौट हुन सक्दैन। किनकी वास्तविक भूकम्पपीडित उहाँहरूले मात्र पहिचान गर्न सक्नुहुन्छ।

निकायसँग जिल्ला समन्वय समितिमार्फत् काम गरिरहेका छौं। अघिल्लो वर्ष निर्वाचित जनप्रतिनिधि नभएको अवस्था थियो अहिले भने निर्वाचित अवस्था छ। यसले गर्दा निजी आवास निर्माण, विद्यालय पुनर्निर्माणलगायतका क्षेत्रमा राम्रो समवन्य छ। अहिले चाहिँ पुनर्निर्माणको गति बढेको छ, जसले गर्दा प्राधिकरण थप आशावादी भएका छौं।

**काम गर्दै जाँदा प्राधिकरणले सामना गर्नुपरेको सबैभन्दा ठूलो चुनौती के भटाउनुभयो ?**

निजी आवासको निर्माणको कुरा गरौं। जुन व्यक्तिले घर निर्माण गर्नु भयो र पहिलो, दोस्रो, तेस्रो किस्ताको रकम गयो। उहाँको लागि भने सहज भयो। जो किस्तामै आई पुग्नु भएको छैन र विभिन्न कारणले घर बन्न सकेको छैन। घर नबनेको व्यक्ति जसको घर बन्नै पर्ने हो र बन्न सकिरहेको छैन उनीहरूको नजरमा बनिरहेका घर को कुनै अर्थ रहँदैन। जसले गर्दा त्यो व्यक्तिलाई नहेर्न भनेको सबै व्यक्तिलाई नहेरेका सरह भयो। यसकारण यस्ता व्यक्तिलाई हामीले फरक तवरबाट सहयोग गर्ने प्रयास गरिरेका छौं। कही भने यस्ता भूकम्पपीडित हुनुहुन्छ हामीले अनुदान दिँदासमेत घर निर्माण गर्न नसक्ने अवस्था छ। वृद्धवृद्धा, भूकम्पबाट सहारा गुमाएका टुहुराटुहरी हुनुहुन्छ। जसको कोही सहारा छैन। अपांग, एकल महिला यस्ता व्यक्तिलाई कसरी घर बनाउने र कसरी राज्यले सहयोग गर्न सक्छ भनेर हामी छलफलको क्रममा रहेका छौं। जसका लागि हामी स्थानीय सरकारको समन्वयमा कसरी सहजीकरण र कसरी सहयोग गर्न सकिन्नछ भनेर छलफल गरिरहेका छौं

ती व्यक्तिलाई नसमेट्दासम्म पुनर्निर्माणको अभियानमा सफल नहुने अवस्था छ, यो प्रमुख चुनौती हो। अर्को जोखिमपूर्ण वस्ती, भूकम्पले जग्गा चिरिएको छ, यसमा वस्ती बसाउनु हुँदैन भनेर भौगर्भिक सर्भेले बताएको छ, त्यहाँबाट वस्ती सार्नु पर्ने हुन्छ यो पनि चुनौतीपूर्ण छ। यसलाई हामीले तीन विकल्पका रूपमा लिएका छौं । एउटा भनेको उसको अन्य कुनै ठाउँमा जग्गा छ भने त्यहाँ घर बनाउनको लागि दिने र यसवापत ३ लाख रुपियाँ अनुदान दिने, अर्को अन्य सुरक्षित ठाउँमा जग्गा छैन आफैं जग्गा व्यवस्थापन गरेर घर बनाँउछ भने जग्गा किन्नको लागि थप २ लाख रुपियाँ दिने। तेस्रो एकीकृत वस्तीमार्फत् यसलाई अगाडि बढाउने रहेको छ। अहिले यस्ता व्यक्ति २५ सयदेखि ३ हजार रहेका छन्।

**प्राधिकरणले सबै भूकम्पपीडितका गुनासा समेट्न सकेन र अझै २ लाख बढी गुनासा प्राधिकरणले आएका छनु यसलाई कसरी सम्बोधन गर्नुहुन्छ ?**

कुन व्यक्ति भूकम्पपीडित लाभग्राहीमा पर्ने हो अथावा नपर्ने हो भनेर छुट्टाउनको निम्ति हामीले सर्वे गर्‍यौं। त्यो सर्वेबाहेक छुट्टै कुनै व्यक्तिले कुनै व्यक्ति समावेश गर्न सक्दैन। केही व्यक्ति छुटे भन्ने गुनासो आयो। केही गुनासा संकलन पनि गरेका छौं। यसलाई हामी चाँडै टुंग्याउँछौं।

अहिलेसम्म २ लाखभन्दा बढी घरधनीको गुनासो संकलन भएको छ। ती गुनासो हामीले सम्बोधन गर्ने कोशिशमा छौं। यद्यपि, स्थानीय सरकारसँग समन्वय नगरी यो फछ्र्यौट हुन सक्दैन। किनकी वास्तविक भूकम्पपीडित उहाँहरूले मात्र पहिचान गर्न सक्नुहुन्छ।

हामीले २०७३ साल पुस मसान्तसम्म किस्ता लगेका तथा अनुदान सम्झौता गरेका व्यक्तिले २०७४ पुस मसान्तभित्र घर बनाउनु शुरू गरिसकेको हुनुपर्छ। समय सीमा तोक्दा कुन-कुन व्यक्ति त्यसमा समाहित भए, कसले सम्झौता गरे भन्ने अहिले हामी अध्ययन गर्दैछौं।

त्यसमा पनि कुनै व्यक्तिले आफ्नो विषेश परिस्थितिका कारण घर बनाउन सकेन। त्यस्ता व्यक्तिलाई हामीले समय सीमा फुकाइदिन्छौं। यद्यपि, यो समय सीमा प्रधानमन्त्रीको अध्यक्षतामा बसेको बैठकले तोकेको हो।

पहिलो किस्ता लगेको एक वर्षभित्र पनि घर बनाउन शुरू गरेन भने, उसले के कारणले घर बनाउन शुरू गरेन ? भन्ने खोजी गर्छौं। त्यसमा कोही नक्कली भूकम्पपीडितले अनुदान लिएको छ भनेर पनि अध्ययन गर्छौं। यो वर्ष धेरै घर बनाउनु शुरू भएको सूचना आएको छ। त्यस कारण बजेट व्यवस्थापन अर्को चुनौती छ। त्यसका लागि अर्थ मन्त्रालय तथा दातृ निकायसँग छलफल तथा समन्वय गरिरहेका छौं।

**वस्ती नै सार्नुपर्ने भूकम्पपीडितलाई कसरी व्यवस्थापन गरिरहनुभएको छ ?**

भौगोलिक अध्ययनपछि १ सय ९० वटा वस्तीलाई जोखिमयुक्त पहिचान गरियो। ती विभिन्न खालका छन्। सानादेखि ठूलो संख्याको वस्ती छन्। डाँडागाउँ र लाङटाङजस्ता ठूला वस्ती भएका ठाउँबाट वस्ती सार्नुपर्ने अर्को चुनौती रहेका छ। किनकी भूकम्पपीडित आफैंले सरकारी प्रक्रिया अपनाएर वस्ती सार्न गाह्रो देखिन्छ। त्यसका लागि हाम्रो आफ्नै शाखा रहेको विज्ञको नेतृत्वमा रहेको मानव संशाधन टिमले वस्ती व्यवस्थापन गर्ने काम गर्दछ। यसका लागि नापी गर्नेदेखि लालपुर्जा हस्तान्तरणसम्मका काम हुन्छ। आजसम्म यो टिमले २ सयभन्दा बढी घर स्थानान्तरण गरिसकेको छ। यो प्रणाली प्रभावकारी बनेको छ। किनकी यसमा व्यक्ति आफैंले चाहेको जग्गामा घर बनाउन पाउँछ। त्यस्ता व्यक्ति तथा परिवारका लागि समय सीमा लागू हुँदैन। हाम्रो अध्ययनले यस्तो गर्नुपर्ने घरधुरीको संख्या ३ हजारको हाराहारीमा छ।

**प्राधिकरणको अधिकांश समय त कार्यविधि नबन्दा तथा नीतिगत गाँठा फुकाउनै बितेको देखिन्छ। निर्देशक समितिको बैठकले यस्ता अप्ठेराहरू हटाउन आवश्यक पहल पनि गरेन भन्ने सुनिन्छ नि ?**

त्यस्तो होइन, प्रधानमन्त्रीको अध्यक्षमा रहेको समितिले निर्णय गर्ने कुरा हो। त्यस्ता बैठक पटक-पटक बस्दैन, पहिला कार्यकारी समितिको बैठक बस्छ, सो बैठकले अल्झिएका समस्या फुकाइरहन्छ। पछिल्लो समय समय सीमा सकियो भन्ने कुरा आएको छ। तर, २०७३ मंसिरपछि पहिलो किस्ता लिनको हकमा २०७४ चैतभित्र दोस्रो किस्ता लैजानन सक्ने गरी हामीले समय बढाएका छौं। त्यो समय सीमा सबैको लागि थपेको होइन। यो पूवर्निधारित कार्यतालिका अनुसार थपेको हौं।

**प्राधिकरणले भूकम्प प्रभावित क्षेत्रमा जीविकोपार्जनका लागि के के काम गरिरहेको छ ?**

हामीले यसका लागि अन्य मन्त्रालय तथा विभागसँग समन्वय गर्दछौं। यसमा हाम्रो प्रत्यक्ष संलग्नता हुँदैन।

**र, अन्त्यमा केही भन्न चाहनुहुन्छ ?**

प्राधिकरणको म्याद पाँच वर्षको भएकोमा यही आर्थिक वर्षभित्र निजी आवास निर्माणको काम कार्यभार सम्पन्न गर्ने लक्ष्य राखेको छौं। जसले घर निर्माण कार्य शुरू गर्नुभयो, आफ्नो किस्ता प्राप्तिका लागि छिटो प्रक्रिया चाल्नुहुन अनुरोध छ। र दोस्रोमा जसले घर निर्माण थाल्नुभएको छैन उहाँहरूलाई चाँडै घर निर्माण शुरू गरी निजी आवास निर्माण कार्यक्रममा सामावेश भइदिनुहुन म आग्रह गर्दछु। हामीले सबै क्षेत्रको पुनर्निर्माण गर्नुपर्ने छ। निजी आवास, विद्यालय, सांस्कृतिक सम्पदा, सरकारी भवन आदि निर्माणको लागि पनि काम गर्नुपर्ने छ।


हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील ८ एम.एम | राईनो स्टील १०-२० एम.एम | राईनो स्टील २५ एम.एम | राईनो स्टील २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङजा | ८५ | ८२ | ८५ | ८५ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ माघ १४, जनवरी २८, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।३८ | १०१।९८ |
| युरो १ को रू. | १२५।८६ | १२६।६० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।५९ | १४५।४५ |
| स्विस फ्रन्क १ को रू. | १०७।५८ | १०८।२१ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।८६ | ८२।३४ |
| क्यानाडियन डलर १ को रू. | ८२।२९ | ८२।७७ |
| सिङ्गापुर डलर १ को रू. | ७७।५९ | ७८।०५ |
| जापानी यन १० को रू. | ९।३० | ९।३६ |
| चिनियाँ युआन १ को रू. | १६।०४ | १६।१४ |
| साउदी अरब रियाल १ को रू. | २७।०३ | २७।१९ |
| कतारी रियाल १ को रू. | २७।८४ | २८।०० |
| थाई भाट १ को रू. | ३।२३ | ३।२४ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।६० | २७।७७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।०९ | २६।२५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५५ | ९।६१ |

| खरिद दर | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | ९।५५ |
| डेनिस क्रोनर १ का रू. | १२।८३ |
| हङकङ डलर १ का रू. | १६।९१ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।





पायोनियर वचत तथा ऋण सहकारी लि. को नाममा रहेको अचल सम्पत्ती धितो लिलाम गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७४।१०।१४)

यस संस्थाको नाममा रहेको तपशिलमा उल्लेखित घर/जग्गा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलामद्वारा बिक्री गर्न ०७ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्रमा प्राप्त भएका गोप्य शिलबन्दी प्रस्तावहरु ८औं दिन (सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) ४ बजे संस्थाको कार्यालयमा प्रस्तावकहरुको रोहवरमा खोलिनेछ । लिलाममा सबैभन्दा बढी रकम कबोल गर्नेको नाममा लिलाम सदर गर्ने निर्णय भएमा नियम बमोजिमको रकम संस्थामा दाखिला गर्नुपर्ने व्यहोरा जानकारी गराइन्छ र अन्य केही कुराको जानकारी चाहिएमा यस संस्थामा सम्पर्क राखी बुझ्न सकिने छ । लिलाम बढाबढमा सो सम्पत्ति कसैले नसकारेमा वा संस्थालाई चित्त बुझ्दो मूल्यको प्रस्ताव प्राप्त नभएमा पुन: अर्को सूचना प्रकाशित गरी बिक्री गर्ने वा संस्थाकै नाममा यथावत कायम राख्ने अधिकार संस्थामा सुरक्षित रहने छ ।

तपशिल

| जिल्ला | गा.वि.स./न.पा | वडा नं./सिट नं | कित्ता नं | क्षेत्रफल रोपनी/व.मी | कैफियत |
|---|---|---|---|---|---|
| काठमाडौं | का.म न.पा | १४/१०२११४२१५ | ३९५ | ३३।८० ब.मि. | |

अन्य शर्तहरू

१. लिलाम बढाबढमा भाग लिने व्यक्तिले कबोल अंकको १० प्रतिशतले हुने रकम तत्काल धरौटी राख्नु पर्नेछ र बाँकी रकम अचल सम्पत्ती बिक्री गर्ने निर्णयको जानकारी पाएको मितिले ७ दिन भित्रमा जम्मा गरेपछि अचल सम्पत्ति नामसारी गरी दिइनेछ ।
२. लिलाम बढाबढ कबोल अंकमा बिक्री गर्ने निर्णय भई तोकिएको मिति भित्रमा बाँकी रकम दाखिला नगरेमा धरौटी रकम जफत हुनेछ ।
३. संस्थाबाट लिलाम वा सकार गरेको सम्पत्ति दाखिल खारेज/नामसारी गर्दा तिर्न बुझाउन बाँकी रहेको दस्तुर र लाग्ने रजिष्ट्रेशन दस्तुर अचल सम्पत्ति सकार गर्नेले तिर्नु पर्नेछ ।
४. अधिकतम अंक कवोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति बिक्री गरी दिइनेछ तर सो अंकमा अचल सम्पत्ति बिक्री गर्ने नगर्ने सम्पूर्ण अधिकार यस सस्थामा निहित रहनेछ ।
५. अचल सम्पत्ति लिलामीको लागि तोकिएको दिन कुनै आकस्मिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन अचल सम्पत्ति लिलाम बढाबढ गरिने छ ।
६. यस सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार यस संस्थामा निहित रहनेछ ।

PISCO
पायोनियर वचत तथा ऋण सहकारी लि
न्यूरोड, काठमाडौं

कारोबार रकमको आधारमा सानिमा माई हाइड्रोपावर कम्पनी अग्रस्थानमा रह्यो। कम्पनीको कुल १६ करोड ७ लाख ६० हजार रुपियाँ बराबरको शेयर कारोबार भएको थियो। यस साता कारोबार भएको शेयर संख्याको आधारमा ग्लोबल आईएमई बैंकका संस्थापक शेयर ६ लाख १५ हजार कित्तासहित शीर्षस्थानमा रहँदा कारोबार संख्याका आधारमा फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक ७ सय ७६ वटा कारोबारसहित शीर्षस्थानमा रह्यो।

**अर्थ**

# लगानीकर्तालाई सवा अर्ब नोक्सान

काठमाडौं, (नेस)

माघको दोस्रो साता नेप्से परिसूचक करिब २ अंकले घटेको छ। साताका पहिलो तीन दिन गिरावट आएको शेयर बजार पछिल्लो दुई दिन सुधार आउँदै समग्रमा १ दशमलव ९९ अंकले घटेको हो।

यससाता पहिलो दिन १ हजार ४ सय ६ दशमलव ५२ को विन्दुबाट शुरू भएको अन्तिम दिन १ हजार ४ सय ४ दशमलव ५३ को बिन्दुमा पुगेर रोकिएको हो। परिसूचक घट्दा यससाता कारोबार रकममा भने वृद्धि भएको छ। यससाता नेप्सेमा १ अर्ब ७३ करोड ९० लाख १४ हजार रुपियाँ बराबरको शेयर कारोबार भएको नेपाल स्टक एक्स्चेन्जले जनाएको छ। सो क्रममा नेप्सेमा १ सय ७७ कम्पनीका ५० लाख ५९ हजार ९ सय ३० कित्ता शेयर किनबेच भए। साताभरि कुल १९ हजार १ सय ३३ कारोबार भए।

कारोबार रकम तीन दिन मात्र कारोबार भएको अघिल्लो साताभन्दा ५८ दशमलव ७४ प्रतिशत बढी हो। अघिल्लो साता बजारमा १ सय ७० कम्पनीका २४ लाख ६१ हजार ६ शेयर १ अर्ब ९ करोड ५४ लाख ८५ हजार रुपियाँमा कारोबार भएका थिए। यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको कुनै पनि कारोबार भएन। परिसूचकमा गिरावट आउँदा यस साता शेयर बजारको आकार (बजार पुँजीकरण) १ अर्ब ३० करोड रुपियाँले घटेको छ। यस साता बजार पुँजीकरण १६ खर्ब ४३ अर्ब १६ करोड रुपियाँबाट घटेर १६ खर्ब ४१ अर्ब ८७ करोड रुपियाँमा पुगेको नेप्सेले जनाएको छ।

नेप्से परिसूचक घट्दा यस साता 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि पहिलो दिनको तुलनामा शून्य दशमलव ४५ अंकले घटेर २ सय ९६ दशमलव ४१ अंकमा आइपुगेको छ। यस साता कारोबारमा आएका १० वटा समूहमा ५ वटामा गिरावाट आउँदा ५ वटामा सुधार आए। तीमध्ये बीमा समूह सबैभन्दा धेरै ७७ दशमलव १४ अंकले घट्यो। लघुवित्त १४ दशमलव ८६ र विकास बैंक समूहमा ४ दशमलव ३१ अंकको गिरावट आउँदा जलविद्युत् र वित्त समूह क्रमश: ३ दशलमव ५९ र २ दशमलव ६५ अंकले घटे।






# वजनियाकी ग्रान्डस्लाम च्याम्पियन बनिन्

मेलबर्न, (एजेन्सी)



डेनिस खेलाडी कारोलिन वजनियाकी अन्ततः ग्रान्डस्लाम च्याम्पियन बन्न सफल भएकी छन्। शनिबार अस्ट्रेलियन ओपनको फाइनलमा सिमोना हालेपलाई हराएर वजनियाकीले ग्रान्डस्लाम उपाधि जितेकी हुन्। यो उनको करिअरको पहिलो ग्रान्डस्लाम उपाधि हो। योसँगै उनको ग्रान्डस्लाम जित्ने धोको लामोसमयपश्चात पूरा भएको छ।

यसका साथै वजनियाकी विश्व नम्बर एकमा फेरि एकपटक रहनेछिन्। उनी ६ वर्षको ग्यापमा शीर्ष स्थानमा उक्लिन लागेकी हुन्। सोमबार हुने डब्ल्यूटीए वरीयतामा हालेपलाई विस्थापित गर्दै उनी विश्व नम्बर एक हुनेछिन्।

२७ वर्षीया वजनियाकी र एक वर्ष कान्छी रोमानियन खेलाडीले पहिलो ग्रान्डस्लाम उपाधि जित्न रड लेभर एरेनामा प्रतिस्पर्धा गरे। २ घण्टा ४९ मिनेट समय लागेको रोमाञ्चक फाइनलको बाजी वजनियाकीले मारिन्। उनले तेस्रो ग्रान्डस्लाम फाइनल ७-६, ३-६, ६-४ ले जित्दै पहिलेझैं खेर जान दिइनन्। यसअघि उनले दुईपटक यूएस ओपन फाइनलमा निराश हुनुपरेको थियो।

कोर्टमा च्याम्पियन बनेपछि भावुक बनेकी वजनियाकीले बताइन्- 'यो क्षणको सपना धेरै वर्ष हेरें। यो सपना साँचो भयो। यो अद्भूत खेल थियो। सिमोनालाई सरी भन्न चाहन्छु।'

तर हालेपले भने तेस्रो पटक ग्रान्डस्लाम फाइनलमा हार बेहोरेकी छिन्। गत वर्ष फ्रेन्च ओपनमा नयाँ खेलाडी यलेना ओस्टापेन्कोसँग फाइनलमा पराजित भएर हालेप निराश बन्नुपरेको थियो। पहिलो सेटमा ३-० ले पछि परेर पनि उनले टाइब्रेकरमा पुऱ्याइन्। तर ७-२ ले वजनियाकीले पहिलो सेट हात पारिन्। दोस्रो सेटमा भने एक सर्भिस ब्रेकसँगै ६-३ ले हालेपले जितिन्। निर्णायक सेटमा भने दुवै जना एक अर्काको सर्भिस तोड्दै अगाडि बढेका थिए। वजनियाकी ४-३ ले पछि परेको स्थितिमा हालेपलाई यो सेट जित्ने मौका थियो। तर वजनियाकीले लगातार ३ गेम जितेर हालेपलाई पहिलो ग्रान्डस्लामका लागि पर्खाइमा राखिन्।

# एन्जल्स हर्ट सेमिफाइनलमा

काठमाडौं, (नेस)

एन्जल्स हर्ट र बीएनए १०औं ओडिसी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजतर्फ शनिबार सेमिफाइनलमा प्रवेश गरेका छन्। एन्जल्स हर्टले जगत मन्दिरलाई २६-१० ले पराजित गऱ्यो।

एन्जल्स हर्टका सागर परियारले १० अंक जोडे। बीएनएले डिफेन्डिङ च्याम्पियन गोल्डेनपिकलाई ३२-१७ ले हरायो। बीएनएका रोशन दर्जीले १४ अंक जोडे।

जुनियर ब्वाइजमै लालीगुराँस नेसनल एकेडेमीले सेबलाई २५-२१ तथा माउन्ट ग्लोरीले लक्ष्मीपुरलाई २४-१५ ले पाखा लगाउँदै अन्तिम चारमा स्थान बनाए। सिनियर गर्ल्सको थ्री बाइ थ्रीमा एचएचसीए र डिफेन्डिङ च्याम्पियन भ्याली पब्लिकले अन्तिम चारमा यात्रा तय गरे।

# थ्री स्टारलाई उपाधि

काठमाडौं, (नेस)

१४ महिनापछि फुटबल फर्केको थ्री स्टार क्लबले इटहरीमा भएको मदन भण्डारी मेमोरियल गोल्डकपको उपाधि शनिबार जितेको छ।

थ्री स्टारले फाइनल खेलमा मनाङमर्स्याङ्दी क्लबलाई १-० गोल अन्तरले हराएर उपाधि जितेको हो।

टोलीको जितमा बुद्ध चेमजोङले ३७औं मिनेटमा गोल गरेका थिए। एन्फासँग विवाद भएपछि थ्री स्टारले करिब १४ महिना कुनै पनि प्रतियोगितामा भाग लिएको थिएन।

गत महिना सुदूरपश्चिम गोल्डकप प्रतियोगितापछि यस प्रतियोगितामा सहभागी भएको हो।




## धरहरा

# जनप्रतिनिधिको सामन्ती शैली



जनप्रतिनिधिहरू जनतासँग जोडिएर काम गर्ने भनिए पनि उनीहरूले सामन्ती शैलीको गतिविधि गर्दै आएको धरहराले देखेको छ। विकास निर्माणमा लागिपर्ने कसम खाएका ती जनप्रतिनिधिले आफ्नै आर्थिक समृद्धि गरेको धरहरासँग गुनासो गर्दै थिए। यो सुनेर धरहरा तिनछक परेको छ।

जनप्रतिनिधिहरूले त काम नै गर्दैनन्, आफै डोजर किनेर विकास पार्दै त्यही डोजरको प्रयोग गर्दै आर्थिक उन्नति पो गरे। खै के गरूँ गरूँ? जिताएर त पठायौं तर उनीहरू हामीलाई सीधा नजरलेसमेत हेर्दैनन् हेर्नुस् भन्दै स्थानीयले गुनासो गरेको खबर धरहराले फेला पाऱ्यो। सर्वसाधारणले हेर्दा उनीहरू गाउँको विकासमा दिनरात खटेको देखिए पनि विकासको नाममा नाफाको व्यापार गरिरहेको धरहराको निष्कर्ष छ।

जनप्रतिनिधिले पूर्वाधार निर्माणमा हात हाल्दा आफूहरू संकटमा परेको व्यवसायीले धरहराकहाँ गुनासो थुपारे। विकास निर्माणमा जनप्रतिनिधिको संलग्नता रहनु सकारात्मक हो। तापनि जितेकै आडमा जितेको केही दिन नबित्दै डोजर किनेर आफ्नो क्षेत्रमा धमाधम निर्माणका बजेट पार्दै रकम झ्वाम पार्नु पक्कै पनि राम्रो कुरा होइन भन्ने धरहराको ठम्याइ छ।

# विजेश्वरीमा प्रधानसेनापति तेक्वान्दो शुरू

काठमाडौं, (नेस)

प्रथम प्रधानसेनापति अन्तरविद्यालय छात्रा तेक्वान्दो प्रतियोगितामा १९ विद्यालयका करिब १ सय ५० विद्यार्थीले सहभागिता जनाउने भएका छन्।

स्वयम्भूस्थित विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयमा हुने प्रतियोगितामा जुनियर र सिनियर गरी जम्मा १३ तौल समूहमा फाइटिङ तथा एकल पुम्से र ग्रुप पुम्से गरी जम्मा २ समूहमा पुम्सेको प्रतिस्पर्धा गराइनेछ। यही माघ १५ गतेसम्म आयोजना हुने प्रतियोगिताको उद्घाटन



सैनिक श्रीमती संघका अध्यक्ष रीता क्षत्रीले गर्नुभएको थियो। प्रतियोगितामा १७ स्वर्ण, १७ रजत र ३४ कांस्य पदक प्रदान गरिनेछ।

# तनाब खेलमा बंगलादेश विजयी

धन बस्नेत, पोखरा

उत्तर बरिन्धरा क्लब बंगलादेश १६औं आहा रारा गोल्डकपको सेमिफाइनलमा प्रवेश गर्दा आफ्ना दुई अफ्रिकन खेलाडीलाई गुमाएको छ।

सुदूरपश्चिम ११ स्पोर्टिङ क्लबको चुनौतीलाई २-१ ले पन्छाउँदा अन्तिम पाँच मिनेटभित्र टोलीका दुई खेलाडी रातो कार्डको शिकार भए। अन्तिममा थपिएको पाँच मिनेटमा सुदूरपश्चिमका खेलाडीद्वय सोन्लेमाने र कोण्डे लानसाने दोहोरो पहेंलो कार्ड आत्मसात गर्दै मैदान छोड्न बाध्य भए। रेफ्रीविरुद्ध अभद्र व्यवहार गरेपछि रेफ्री सुदेश पाण्डेले उनीहरूलाई रातो कार्ड देखाएर मैदानबाहिर पठाए। बंगलादेशी टोली जितको खुसीभन्दा पनि खेलाडीको रातो कार्डको पीडामा रुमलिँदै रेफ्रीको विरोधमा उत्रिएका थिए। कोण्डे बंगलादेशका स्टपर हुन् भने सोन्लेमाने अट्याकिङ डिफेन्समा खेलेका थिए।

यसअघि ७४औं मिनेटमा मिदो मासाले गोल गर्दै पाहुना टोलीलाई उत्साहित बनाउँदा दर्शक र सुदूरटोलीमा निराशा छायो। सायल्ला सोन्लेमानेले डिबक्सबाट सीधै गोलपोस्टमा हानेको ग्रासबललाई अफसाइड विट गर्दै म्यान अफ दि म्याच मिदोले हल्का टच दिँदै सेकेन्डबारमा च्यापिएर गोल गरेका थिए। खेलमा फर्किने अवसर सुदूरपश्चिमलाई दुई मिनेटपछि मिल्यो। ७६औं मिनेटमा डिबक्सभित्र जिन्टुको ह्याण्ड भएपछि सुदूरपश्चिमले पेनाल्टीको अवसर पाएको थियो।

तर वैकल्पिक खेलाडीका रूपमा मैदान छिरेका धिरज गुरुङको फितलो प्रहारलाई बंगाली गोलकिपरले विफल तुल्याए। त्यसपछि मनिर आलमले सेन्टरलाइन नजिकैबाट दिएको पासलाई रातो कार्ड खाँदै बाहिरिनुअघि ८३औं मिनेटमा सयल्ला सोन्लेमानेले हानेको बल कर्भ हुँदै फस्टबारमा जाली हल्लाउन पुग्यो। जुन गोल सुदूरपश्चिमका गोलकिपरले पत्तो नै पाएनन्।




# एचएचसीए अन्तिम चारमा

काठमाडौं, (नेस)

एचएचसीए दोस्रो बौद्ध इन्टरनेसनल अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ शनिबार सेमिफाइनलमा प्रवेश गरेको छ। एचएचसीएले पीस नेपाल एकेडेमीलाई ३४-१२ ले पराजित गऱ्यो। एचएचसीएका सुमन राईले १२ अंक जोडे। गर्ल्समा पनि एचएचसीएले जित हात पाऱ्यो। राउन्ड रोविन लिगमा एचएचसीएले न्यु बुद्ध प्रकाश स्कुललाई ४२-१० ले सहजै हरायो। विजेताकी सञ्जु राईले १२ अंक जोडिन्।


# कामनाको प्रत्येक अंक, विशेष अंक




## यस अंकका आकर्षणहरू

### कामना फिल्म अवार्डस माघ १६ मा

प्रकाशनको ३ दशकभन्दा लामो यात्रा पार गरेको अवसरमा कामनाले गत २०७१ सालबाट आयोजना गर्दै आएको कामना फिल्म अवार्डसको तेस्रो संस्करण आगामी माघ १६ गते राजधानीमा कसरी आयोजना हुँदै छ। पहिलो संस्करणदेखि नै प्रिय बनेको कामना फिल्म अवार्डस २०७४ मा कुन-कुन फिल्म मनोनयमा परेका छन्? को-को कलाकार र प्राविधिक कुन-कुन फिल्मबाट प्रतिस्पर्धाको मैदानमा छन्। पूर्ण विवरण।

### चिन्ता उन्नतिको

कलाकार र फिल्मकर्मीलाई केवल आफ्नो क्षेत्रको मात्र चिन्ता छैन। उनीहरु देशले उन्नति गर्न नसकेको तथा आर्थिकरूपमा फडको मार्न नसककाले पनि उत्तिकै चिन्तित छन्। देशको समृद्धि उन्नतिका लागि मुलुक हाँक्ने राजनीतिज्ञहरूलाई समेत उपयोगी कलाकर्मीले दिएका उपयोगी सुझाव र टिप्स।

### पोर्न सिनेमा : एउटा दमित यथार्थ

छोटो फिल्मका नाममा हिजोआज नेपाली भाषामै पोर्न सिनेमा अश्लील फिल्म) बनिरहेका छन्। यस्ता फिल्म सामाजिक सञ्जाल युटयुबबाट संसारभरि जालोसरी फैलिरहेको छ। एउटा तीतो र डरलाग्दो यथार्थ।

### नयाँ पुस्ताले धानेको फिल्म क्षेत्र

जमाना नयाँको छ। फिल्म क्षेत्रमा नयाँ अनुहारको वर्चश्व छ। वर्तमान फिल्म क्षेत्र नयाँ पुस्ताकै बलले अगाडि बढिरहेको छ। कस्ता छन, फिल्म क्षेत्र हाँकिरहेका नयाँ पुस्ताका कलाकार र निर्देशकहरु। रोचक सामग्री।

### चन्द्रराज शर्मा : संगीतका सारथी

सांगीतिक वातावरण हुर्किई जीवनकालभरि केवल गीत-संगीतमा रमाउँदै र खेल्दै यस क्षेत्रको श्रीवृद्धिका लागि अहोरात्र खटिएका संगीतसाधक चन्द्रराज शर्मा अब हामीबीच रहेनन्। स्व शर्माको संग्रहणीय पूर्ण जीवनी।

### नेपाली मोडल भारतमा छाउँदै

नेपाली मोडलहरूले नेपालमा मात्र नाम कमाएका छैनन्। सुन्दरीको नगरीका रुपमा परिचित बलिउडमा समेत लोकप्रियता कमाएका छन्। दिनहुँ दर्जनौं मोडलको प्रवेश हुने बलिउडका मोडलहरूलाई समेत चुनौती दिँदै आफनोसँगै नेपालको छवीसमेत निर्माण गरिरहेका छन्। नेपाली मोडलले भारतमा कमाएको लोभलाग्दो सफलताको कथा।

### अभिनयमा फर्किएकाहरूको सफलता र असफलता

आफनो जमानामा नाम कमाएका कतिपय कलाकार फेरि फिल्ममा फर्केका छन्। फिल्म क्षेत्रमा पुनरागमन गर्ने सबै कलाकार र निर्देशकले भने आफनो जमानमा जस्तो सफलता हासिल गर्न सकिरहेका छैनन्। सफलता र असफलताको अर्को कथा।

### साथमा

- नाच्न सिकाउने गोपालको पुस्तक
- पुसको चिसोमा फेसनको गर्मी
- विन्ध्यवासिनी अवार्डमा रामकृष्णको हुरी हाबी
- पश्चिमेली सेलिब्रेटीको ग्ल्यामरस छवि
- स्वरमा सुनीता
- सुमनकुमारको स्वर सिर्जना

र नियमति स्तम्भहरू
सम्पादकीय, समाचार, हलिउड बलिउड, हुइयाँ, क्लिक क्लिक


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ